मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

**नबिलको पैसा भेटियो मोतीहारीमा**
समाचार पृष्ठ ८ मा




वर्ष २ · अंक १६३ · २०८१ साल वैशाख २१ गते शुक्रबार · Friday 03, May 2024 · सूर्योदय: बिहान ५:२५ बजे · सूर्यास्त: साँझ ६:३९ बजे · पृष्ठ ८ · मूल्य रु. ५/-

# अग्निपीडितकहाँ मुख्यमन्त्री
## रंगीविरंगी गम्छा, आश्वासनका बात फेरि रित्तो हात

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
घटनास्थलमा सबैभन्दा अगाडि पुग्न पुलिस हो र, मुख्यमन्त्री हो, दलबलसहित फुर्सतमा जानु पर्छ भन्ने मानक बनाएका छन् मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले । वैशाख १२ गते महोत्तरीमा आगलागी हुँदा पनि उनी ७२ घण्टापछि अग्निपीडित भेट्न पुगेका थिए । उनी त्यतिखेर पनि काठमाडौँ र अरु जिल्लाको कार्यक्रममा व्यस्त रहेकाले त्यहाँ ढिलो पुगेका थिए । यस्तै मंगलबार आगलागी भएको सप्तरीको महादेवा–१, चिम्टीमा पनि मुख्यमन्त्री यादव बिहीबार पुगे अर्थात् ४८ घण्टाको छेउछाउमा । यसपटक पनि उनी हस्याङफस्याङ गर्दै काठमाडौँबाट आएर सिधै सप्तरी पुगे । आफ्ना पार्टी अध्यक्ष उपेन्द्र यादव अमेरिका भ्रमणमा रहेका बेला अध्यक्षको जिल्लामा भएको ठूलो आगलागीमा तीन दिनमा पुगेका मुख्यमन्त्री फेरि पनि रित्तो हात पुगे ।
आगलागीको तेस्रो दिन केही मन्त्री, पूर्वमन्त्री र दलबलसहित पुगेका मुख्यमन्त्री यादवले चिम्टीमा कसैलाई एक पोका चाउचाउ पनि दिन जरुरी ठानेनन्, एक बोतल पानी दिन आवश्यक मानेनन् । उनी त्यहाँ पुगे । उनले फेरि पुरानै वाचा दोहो¥याए, 'घर बनाइदिन्छौँ ।' खुला आकाशमुनि चर्को घाममा बाँच्नै कठिन भएका अग्निपीडितलाई केही चिउरा, चामल, नून, दाल, चाउचाउ, भुजा दिनु मुख्यमन्त्रीका लागि ठूलो कुरा होइन । उनले मागे भने मधेशका व्यापारीले तुरुन्तै उपलब्ध गराइदिन्छन् । उसो त मुख्यमन्त्रीको संयोजकत्वमा हुने राहत कोषमा पनि जगेडा रकम हुन्छ । तर रित्तो हात अग्निपीडित बस्तीमा पुगेका मुख्यमन्त्रीले दुई दिनभित्र सरकारले घर बनाउन शुरु गर्ने भन्दै मीठो बात गरेर फर्किए ।
राजविराज विमानस्थल हुँदै चिम्टी पुगेका मुख्यमन्त्री यादवले प्रदेश सरकार जनताको समस्यामा संवेदनशील रहेको दोहो¥याउन भुलेनन् । तर आजसम्म मुख्यमन्त्रीले आगलागी पीडितका लागि एक शब्द खर्चेर एउटा समवेदनासमेत व्यक्त गरेका छैनन् । उनले महोत्तरीका अग्निपीडितलाई पनि घर बनाइदिने भनेर बारामा बोलेका थिए । तर महोत्तरी पुग्दा उनको बोली फेरियो र राहत प्याकेज दिने भने । उनको राहत प्याकेज कहिले बस्तीमा पुग्ने हो, टुंगो छैन ।
प्रदेश सरकारले दिने भनेको १० हजार रुपैयाँसमेत दिन आनाकानी देखिएको छ ।
यता, मंगलबार भएको भीषण आगलागीले समस्यामा परेका चिम्टीका अग्नीपीडितलाई दुईदिन भित्र प्रदेश सरकारको निर्णयसहित घर बनाउने काम शुरु हुने भनेर मुख्यमन्त्रीले झारा टारेका छन् ।
उनले मधेश प्रदेश सरकारको राहत उद्धार कोषमा भएको रकमसमेत जनतालाई बाँड्न रुचि राखेका छैनन् । तर बस्तीमा पुग्दा मुख्यमन्त्री रंगिविरंगी खादा (गम्छा)मा थिए । उनको यो हुलिया कुनै महोत्सव, उत्सवमा खुशी मनाउन गएजस्तो देखिन्थ्यो ।



शोकमा रहेको बस्तीमा पुग्दा कम्तीमा यस्तो हुलिया नदेखाएको भए हुनेथियो भनेर मधेश मामिलाबारे जानकार लेखक, पत्रकार चन्द्र किशोरले फेसबुकमा लेखेका छन्, 'प्रदेश सरकार नजिकको सरकार हो, अग्निपीडितको हालचाल जान्न पुग्नै पर्छ तर मुख्यमन्त्री आए भनेर स्वागत गरिएको रंगिचंगी गम्छा त कम्तीमा गाडीमा राख्न सकिन्छ ! आखिर समवेदनाको पनि त ख्याल गर्नु पर्छ ।' तर माने मान, नमाने नमान, म सबैको मेहमान शैलीमा दगुरिरहेका मुख्यमन्त्री यादवलाई यस्तो 'तमिज' बारे कसले सुझाउने, कसले बुझाउने ?

## 'दुई दिनभित्रै घर निर्माण शुरु हुनेछ'



**अनिल पोखरेल**
**राजविराज ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले सप्तरीको महादेवा गाउँपालिका–१ स्थित चिम्टीका अग्निपीडितलाई घर बनाइदिने वाचा गरेका छन् ।
बिहीबार दिउँसो काठमाडौँबाट सिधै राजविराज विमानस्थल हुँदै चिम्टी पुगेका मुख्यमन्त्री यादवले प्रदेश सरकार जनताको समस्यामा संवेदनशील रहेको बताउँदै उनीहरुको पीडा र समस्याप्रति सदैव साथ रहने प्रतिबद्धता व्यक्त गरे ।
मंगलबार भएको भीषण आगलागीले समस्यामा परेका चिम्टीका अग्नीपीडितको अवस्थाबारे जानकारी लिन गएका मुख्यमन्त्री यादवले यस्तो प्रतिबद्धता जनाएका हुन् । एक दुई दिनभित्रै आवश्यक निर्णय लिएर अग्निपीडितका लागि प्रदेश सरकारले घर निर्माण शुरुवात गर्ने मुख्यमन्त्री यादवले उद्घोष गरे ।
मुख्यमन्त्री यादवले भने, 'प्रदेश सरकार जनताको साथमा छ । यो सरकार तपाईंहरुकै लागि काम गर्न बनेको हो ।' उनले थपे, 'समस्यामा परेका जनताका लागि काम गर्न सरकार पछि हट्ने छैन ।' भेटमा अग्निपीडितहरूले मुख्यमन्त्रीसँग दैनिकी नै धान्न कठिन भएको दुखेसो पोखेका थिए ।
मुख्यमन्त्री यादवका साथ मधेश प्रदेश सरकारका वन तथा पर्यटनमन्त्री भरतप्रसाद साह, पूर्व अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, मधेश प्रदेशसभा सदस्य मनिष सुमन, किरण साह, सप्तरीका प्रमुख जिल्ला अधिकारी किरण थापा, राष्ट्रिय अनुसन्धानका सप्तरी प्रमुख अनुसन्धान उपनिर्देशक सुरेन्द्र कोइराला, स्थानीय जनप्रतिनिधिलगायतका विभिन्न पार्टीका नेताको उपस्थिति रहेको जसपा सप्तरीका अध्यक्ष केदार प्रसाद यादवले जानकारी दिए ।
महादेवा गाउँपालिका वडा नम्बर १ चिम्टीमा मंगलबार आगलागी हुँदा ४६ परिवारको ४६ घर, ११ गोठ र ९ वटा भान्सा कोठाका साथै घरभित्रका सम्पूर्ण सम्पत्ति जलेर नष्ट भएको थियो ।

## मुख्यमन्त्री कार्यालयका 'बलात्कारी उपसचिव' फरार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सुन्दै पनि लाज लाग्ने, घृणा जाग्ने । भन्नै शरम लाग्ने व्यवहार मान्छेले गरेको भन्दा कति नमज्जा लाग्ला । तर यो घटना परको होइन, मधेशका ८ जिल्लाका प्रदेश सरकारको पनि हेडक्वार्टर मानिएको जनकपुरधामको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कर्मचारीहरुको क्वार्टरभित्रैको कुरुप र शरमपूर्ण कथा हो । मुख्यमन्त्री कार्यालयका उससचिव रुपेशकुमार साहले क्वार्टरमा टिभी हेर्ने बहानामा सहकर्मीको कोठामा गएर उनकी पत्नीलाई बलात्कार गरेका छन् ।
बलात्कार मात्र गरेनन्, पटकपटक बलात्कार गरेका छन् । त्यसको भिडियो र फोटो बनाएर लगातार यौनशोषण गरेका छन् । यति मात्र होइन, साथीको पत्नीलाई गर्भवती बनाएका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कर्मचारीको क्वार्टरभित्रै भएको यो मधेशकै मुहारमा मोसो दलेजस्तो कथाका पात्र उपसचिव साह फागुन १८ गतेदेखि बिदामा छन् । उनी दुई महिना बिदामा गएका हुन्, फर्किएका छैनन् ।
सिरहा, वरियारपट्टि–४ का हुन् उपसचिव साह । उनले टिभी हेर्ने भन्दै साथी नभएका बेला साथीको श्रीमतीलाई प्रसाद भनेर बेहोस हुने नशालु पदार्थ खुवाएर बेहोस बनाएर करणी गरेको पीडितले गरेको उजुरी उल्लेख । घटना २०८० माघ १८ गतेको हो । जिल्ला प्रहरी कार्यालय धनुषामा २०८० चैत ३० गते पीडितले दिएको उजुरी वैशाख ३ गते दर्ता भएको छ । अदालतमा पुगेको छ । शुरुमा साहले घटना बाहिर लगे करणीका बेलाको भिडियो र तस्बिर बाहिर लगिदिने भन्दै थप शोषण गरेको र गर्भवती बनाएको उजुरीमा उल्लेख छ ।
जिल्ला प्रहरी कार्यालय धुनषाले साहबारे जानकारी उपलब्ध गराउन मुख्यमन्त्री कार्यालयलाई पत्राचार गरेको छ । मुख्यमन्त्री कार्यालयका सचिव अर्जुन गौतमले साह फागुन १८ गतेदेखि दुई महिने बिदामा गएको र फर्केर नआएको जनाएका छन् । मुख्यमन्त्री कार्यालयमै कार्यरत उपसचिवले यस्तो मधेश नै कलंकित गर्ने हर्कत गर्दा पनि किन उनी कारबाहीको दायरामा परिरहेका छैनन् ? उनी भगाइएका हुन् या भागेका हुन् ? यस्तो कलंकित अनुहारलाई कसले संरक्षण गरिरहेको छ ? जनता प्रश्न गरिरहेका छन् ।

## सरकार कहाँ छ ?



**मधेशदृष्टि**
**वीरगंज ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का मधेश प्रदेश अध्यक्ष जितेन्द्र सोनलले मधेशमा दिनहुँ भइरहेका आगलागीका घटनाबाट पीडितको समस्यामा प्रदेश सरकार गम्भीर नभएको आरोप लगाएका छन् । बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै प्रदेश सभा सदस्य समेत रहेका सोनलले चापाकललगायत खानेपानीका मुहान सुकेर मधेशका जनता तड्पिरहदाँ पनि मधेश सरकारले ध्यान नदिएको आरोप लगाए । 'मधेशमा बढेको अत्यधिक गर्मी र खडेरीले पानीको सतह सुकेर दिनानुदिन तल झर्दै छ । खानेपानीको हाहाकार छ । दिनहुँ भइरहेका आगलागीका घटनाबाट पीडितहरु यस्तो प्रचण्ड गर्मीमा त्रिपाल मुनि बस्न बाध्य छन् । यति हुँदासमेत मधेशका जनताले सरकार भएको आभाष गर्न पाएका छैनन्,' सोनलद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ । यसअघि चुरे संरक्षण तथा व्यवस्थापनको अभाव, चुरेमा अनियन्त्रित बसोबासले गर्दा ऋतुसँगै मधेशमा प्राकृतिक प्रकोप बढ्ने विषयमा लोसपाले सम्बन्धित निकायलाई जानकारी गराँउदा समेत गम्भीरता नदेखाउनु सरकारको उदाशीनता रहेको सोनलको विज्ञप्तिमा उल्लेख गरेका छन् । पीडामा रहेका गाउँ, समुदायमा राहत, खाद्यान्न, औषधी, उपचारको यथोचित व्यवस्थापन हुन नसक्नु एकदमै दुःखद रहेको भन्दै लोसपा मधेश प्रदेश अध्यक्ष सोनलले पीडितलाई राहत र मधेशको दक्षिणी क्षेत्रलगायत अन्य भूभागमा पिउने पानीको समस्या समाधान गर्न संघ, प्रदेश र स्थानीय सरकारसँग माग गरेका छन् ।

## ६५ घर जलेर नष्ट



**मधेशदृष्टि**
**सर्लाही ।**
विष्णु गाउँपालिका—१ स्थित बाराउद्योरण गाउँमा भिषण आगलागी हुँदा ६५ घर जलेका छन् । बिहीबार दिउँसो स्थानीय शत्रुघन राउतको घरमा लागेको आगोपछि ग्यास सिलिन्डर विस्फोट हुँदा गाउँका ६५ घर जलेका वडाध्यक्ष विकाउ ठाकुरले जानकारी दिए ।
दिउँसो १ बजेतिरबाट शुरू भएको आगो स्थानीय, प्रहरी र सशस्त्र प्रहरीले बारुणयन्त्र, चापाकलको पानीको सहारामा करिब चार घण्टापछि निभाएको वडाध्यक्ष ठाकुरले बताए । 'आगो निभाउन चार घण्टाभन्दा बढी समय लाग्यो । दमकल समयमै आएको भए यति धेरै क्षति हुन्थेन । केहीबेरसम्म चापाकलकै सहारामा आगो निभाउने प्रयास भए पनि बस्ती नै सखाप गरेर छोड्यो । फुसको र खपडाको छानासहितका धेरै घर भएकाले आगो चाँडै फैलियो,' उनले भने ।
स्थानीय विनय सिंहले एउटा घरमा लागेको आगो ग्यास सिलिन्डर पड्किएपछि बस्तीमा विस्तार भएको बताए । नगरप्रमुख जवाहरलाल यादवले बाराउद्योरण गाउँमा आगलागीपछि एक सयभन्दा बढी घरमा क्षति पुगेको बताए । उनले भर्खरै भित्र्याएको गहुँलगायत अन्नबाली, लत्ताकपडा जल्नुका साथै धेरै पशुचौपयासमेत जलेका र क्षतिको विवरण आइनसकेको बताए ।

## ५ घर जलेर खरानी

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको माधवनारायण नगरपालिका–६, विनटोलमा बिहीबार भएको आगलागीमा ५ घर जलेर ७ लाख रुपैयाँ भन्दा बढीको क्षति भएको छ । बिहीबार दिउँसो १ बजे स्थानीय मोहिचन्द मुखियाको फुस र खपडाको छाना भएको कच्ची घरबाट सल्किएर रामानन्द मुखिया, शिवजी बिन, राज नारायण मुखिया, र हृदय नारायण मुखियाको घर गोठ जलेर नष्ट भएको हो । आगलागीबाट घर गोठ जलेर घरभित्र रहेको अन्नपात लत्ताकपडा, गरगहना, नगद सहित ७ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी बिक्रम हुमागाईंले बताए ।

# सहायक प्रजिअ लम्सालको सरुवा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिव प्रसाद लम्सालको सरुवा भएको छ । लम्सालको अछाम जिल्लाको प्रमुख जिल्ला अधिकारीको रुपमा सरुवा भएको हो । २०८० वैशाख २० गतेदेखि जिल्ला प्रशासन कार्यालय पर्सामा कार्यरत रहेका लम्साललाई गृह मन्त्रालयले मङ्गलवार अछाम जिल्लाको सिडिओका रूपमा सरुवा गरेको हो ।

लम्सालको ठाउँमा पर्साको सहायक प्रमुख जिल्ला अधिकारीको रुपमा गृह मन्त्रालयबाट उपसचिव खडानन्द खत्री आउने भएका छन् । यसअघि जिल्ला प्रशासन कार्यालय जाजरकोटको सहायक प्रमुख जिल्ला अधिकारीको रूपमा कार्यरत रहेका खत्रीलाई गृह मन्त्रालयले वीरगंज पठाउन लागेको हो ।

अछामका सिडिओ शरद कुमार पोखरेल अनिवार्य अवकाशमा जान लागेपछि सो स्थानमा लम्साललाई पठाईएको गृहमन्त्रालयले जनाएको छ ।

# एमाले पर्सामा शर्मा सर्वसम्मत



**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमाले पर्साको अध्यक्ष पदमा वर्तमान जिल्ला संयोजक डा. विश्वम्भर प्रसाद शर्मा निर्विरोध निर्वाचित भएका छन् । नेकपा एमाले पर्साको नवौं जिल्ला अधिवेशनमा नयाँ नेतृत्व चयनका लागि बिहीबार निर्वाचन प्रक्रिया अगाडि बढेसँगै अध्यक्ष पदमा डा. शर्मासहित कुनाल महतो थारु र हनिफ मियाँ जोलाहले उम्मेदवारी दर्ता गराएको भए पनि अन्तिममा थारु र मियाँले उम्मेदवारी फिर्ता लिएसँगै शर्मा निर्विरोध निर्वाचित भएका हुन् ।

यसको आधिकारिक घोषणा भने निर्वाचन समितिले गर्न बाँकी छ । अध्यक्षमा शर्मा निर्विरोध निर्वाचित भएसँगै अन्य पदमा पनि निर्विरोध रुपमा पदाधिकारी चयन प्रक्रिया अगाडि बढेको हुँदा निर्वाचन समितिको अध्यक्ष मण्डलले शुक्रबार ११ बजेसम्मका लागि अधिवेशन स्थगित गरेको र ११ बजेपछि सबै उम्मेदवारसँग समन्वय गरी आवश्यक प्रक्रिया अगाडि बढाउने बताइएको छ । त्यसैगरी, उपाध्यक्ष पदमा लालबाबु शेख, छिपहरमाई गाउँपालिकाका अध्यक्ष मनोज कुमार गुप्ताले उम्मेदवारी दिएका छन् भने सचिवमा महेश दास, नवराज शर्मा र शिव प्रसाद पटेलले उम्मेदवारी दिएका छन् । यता सहसचिवमा नविजान मियाँ अन्सारी, वीरगंज महानगरपालिका वडा नम्बर २० का वडाध्यक्ष रामकिशोर सिंह पराग, इमरान हुसेन तथा महिलातर्फ सहसचिव पदमा सीता देवी लामा र गीता भण्डारीले उम्मेदवारी दर्ता गराएका छन् । अध्यक्ष पदमा शर्मा निर्विरोध निर्वाचित भएसँगै अन्य पदमासमेत निर्विरोध गराउने प्रयास जारी रहेको र अन्तिम सम्म नमिले निर्वाचन प्रक्रियामा जाने जनाइएको छ ।

# तिमिल्सिनालाई बयानका लागि बोलायो

**रासस**
**काठमाडौँ ।**
सर्वोच्च अदालतले सिधाकुरा डटकममा प्रसारित अडियो उपलब्ध गराउने ललितपुर गोदावरीका राजकुमार तिमिल्सिनासँग पनि बयान लिने भएको छ । न्यायाधीश हरिप्रसाद फुयाल र महेश शर्मा पौड्यालको आजको संयुक्त इजलासले अनलाइनका प्रकाशक युवराज कँडेलसँग बयान लिएपछि अडियो उपलब्ध गराउने तिमिल्सिनालाई पनि सबुद प्रमाणसहित यही वैशाख २३ गते बयानका लागि बोलाउन आदेश गरेको हो ।

आदेशमा भनिएको छ, 'प्रसारित अडियोसामग्री सम्बन्धमा अदालतको अवहेलनामा किन कारवाही र सजाय गर्नुनपर्ने हो । त्यसरी कारवाही गर्नुनपर्ने आधार र कारण भए शब्द प्रमाणसहित बयानका लागि मिति २०८१ वैशाख २३ गते बिहान १० बजे अदालतमा उपस्थित हुनु ।'

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्टिङ अपरेशनसँग जोडिएको मुद्दा हारजित गराउन सर्वोच्चका न्यायाधीशसहित बैठक बसेको भन्दै सिधाकुरा डटकमले केही दिनअघि समाचार र अडियोसामग्री प्रकाशन गरेको थियो । सो विषयमा सो अनलाइनका प्रकाशक कँडेलसँग बयानलिने काम बिहीबार सम्पन्न भएको छ भने सम्पादक नवीन ढुङ्गानालाई शुक्रबार १० बजे बयानका बोलाइएको छ ।

अनलाइनले प्रकाशन र प्रसारण गरेको समाचार, अडियो–भिडियोसामग्रीबाट अदालतको अवहेलना भएको उल्लेख गर्दै यही वैशाख १६ गते सर्वोच्च अदालतका उपरजिस्ट्रार गोविन्द घिमिरेले प्रतिवेदन पेश गरेका थिए । सोहीआधारमा यही वैशाख १७ गते न्यायाधीश नहकूल सुवेदी र टेकप्रसाद ढुङ्गानाको इजलासले सोसामग्री २४ घण्टाभित्र हटाउन र बयानका लागि अदालतमा उपस्थित हुन आदेश गरेको थियो ।

# अप्रिलमा नेपाल भित्रने पर्यटक बढे

**रासस**
**काठमाडौँ ।**
नेपालमा विदेशी पर्यटक आगमन १२ दशमलव ७५ प्रतिशतले बढेको छ । पर्यटन बोर्डले दिएको जानकारीअनुसार सन् २०२३ को अप्रिलको तुलनामा सन् २०२४ को अप्रिल सो संख्यामा पर्यटकको आगमन बढेको हो ।

सन् २०२३ को अप्रिलमा कूल ९८ हजार सात सय ७३ विदेशी पर्यटक आएकोमा सन् २०२४ को सोही अवधिमा एक लाख ११ हजार तीन सय ७६ पर्यटक आएका हुन् । बोर्डका अनुसार सन् २०२२ को अप्रिलमा ६१ हजार पाँच सय ८९, सन् २०२१ मा २२ हजार सात सय ३२, सन् २०२० मा १४ र सन् २०१९ मा एक लाख नौ हजार तीन सय ९९ पर्यटक नेपाल आएका थिए । बोर्डका अनुसार अप्रिलमा नेपाल भित्रने पर्यटकमा सबैभन्दा धेरै भारतीय छन् । सो अवधिमा भारतीय पर्यटक ३० हजार एक सय ५८, अमेरिकी पर्यटक नौ हजार नौ सय ४७, चिनियाँ नौ हजार सात सय ५० विदेशी पर्यटक नेपाल आएका छन् । साथै बेलायतबाट पाँच हजार तीन सय ९१, अष्ट्रेलियाबाट चार हजार एक सय १०, बङ्गलादेशबाट चार हजार तीन, फ्रान्सबाट तीन हजार सात सय ५५, जर्मनीबाट तीन हजार दुई सय ७०, रसियाबाट दुई हजार नौ सय ७७ र मलेसियाबाट दुई हजार तीन सय १० पर्यटक नेपाल आएका छन् ।

# जुम्लामा 'सामुदायिक मानसिक स्वास्थ्य' सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन

**रासस**
**कर्णाली ।**
कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा 'सामुदायिक मानसिक स्वास्थ्यसम्बन्धी अन्तर्राष्ट्रिय प्रथम सम्मेलन' हुने भएको छ । हार्वर्ड युनिभर्सिटी म्यासाचुसेट्स जनरल हस्पिटल साइक्याट्रिक डिपार्टमेन्ट अमेरिका र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला नेपालको सहकार्यमा 'सामुदायिक मानसिक रोगसम्बन्धी अन्तर्राष्ट्रियस्तरको प्रथम सम्मेलन जुम्लामा यही वैशाख २२–२३ गते दुई दिनसम्म सञ्चालन हुने भएको हो ।

कर्णालीमा सामान्यतः एकजना मानिसक रोग विशेषज्ञ जान नसक्ने ठाउँका नागरिक सबैका लागि मानसिक स्वास्थ्य र सेवाको पहुँच पुर्याउने उद्देश्यले अन्तराष्ट्रियस्तरको सम्मेलन गर्न थालिएको हार्वर्ड युनिभर्सिटीको फ्याकल्टी डा श्रीधर पौडेलले जानकारी दिए । उक्त सम्मेलनमा अमेरिकाबाट चार र नेपालभरिबाट ९० भन्दा बढी मानसिक रोग विशेषज्ञ, मनोवैज्ञानिक तथा मनोपरामर्शदाताहरू सहभागी हुने उनले बताए । डा पौडेलका अनुसार उक्त सम्मेलनमा करिब ५० मानसिक रोगसम्बन्धी कार्यपत्र प्रस्तुत हुनेछन् । स्वास्थ्य तथा जनस्ख्या मन्त्रालयका सचिव, कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री, स्थानीय सरकारका प्रमुख तथा गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधि सम्मेलनमा सहभागिता रहनेछन् ।

यता कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाका उपकुलपति डा मंगल रावलले दुनियाँको सबैभन्दा सुगम हार्वर्ड युनिभर्सिटी र अत्यन्तै दुर्गममा अवस्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान मिलेर गर्न थालिएको मानसिक स्वास्थ्यसम्बन्धीको अन्तर्राष्ट्रिय सम्मेलनले नेपाललगायत कर्णालीका नागरिकको स्वास्थ्य अवस्थामा उल्लेख्य प्रगति हुने बताए । 'जुम्लामा सम्मेलनमात्र हुने छैन', उनले भने, 'हार्वर्ड युनिभर्सिटी र कर्णाली स्वास्थ्य विज्ञानबीच स्वास्थ्य शिक्षा, अनुसन्धान र सेवामा सहकार्य र साझेदारी हुनेछ ।' प्रतिष्ठानका जनरल प्राक्टिक्स एण्ड इमर्जेन्सी विभाग प्रमुख डा तुला गुप्ताले दुर्गम क्षेत्रका नागरिकको मानसिक स्वास्थ्य अवस्थालाई ध्यानमा राखेर विभिन्न चुनौतीका बाबजुद पनि जुम्लामा सम्मेलन गर्न थालिएको बताए । उनले भने, 'सम्मेलनमा विशेषज्ञ विज्ञहरूबाट मानसिक स्वास्थ्यसम्बन्धीका कार्यपत्र पेस हुनेछन् । सम्मेलनले पाँच वर्षमा कर्णाली र यहाँको स्वास्थ्य अवस्थालाई कहाँ पुर्याउने विषयमा 'जुम्ला घोषणापत्र' जारी गर्नेछ ।'

एक सयभन्दा बढी सरोकारवालाहरूको सहभागिता रहने उक्त सम्मेलनमा सेन्टर फर मेन्टल हेल्थ एण्ड काउन्सेलिङ (सिएमसी) नेपाल, हेल्थ फाउण्डेसन, एकीकृत मानसिक स्वास्थ्य केन्द्र (एनआइओएमएच) र नेपाल हेल्थ कोप्र्स साझेदार निकायका रूपमा काम गर्ने प्रतिष्ठान जुम्लाले जनाएको छ ।

# आगलागीले बस्ती जलेपछि गाउँ नै बिचल्लीमा



**रासस**
**धुलिखेल ।**
बस्ने घर, ओढ्ने ओछ्याउने, लत्ताकपडा र खाने अन्नपात सबै जलेर नष्ट भएको छ । पल्लो टोलको सानो धारामा प्लाष्टिकको बोतलमा पानी थापेर बसिरहेका रञ्जिता तामाङ र रजनी तामाङ भने टन्टलापुर घाममा पिउनका लागि पानी जोहो गरिरहेकी छन् । बिहान पढ्नका लागि विद्यालय गएका उनीहरू बेलुका घर फर्किदा सबै जलेर उराठ भएपछि बिचल्लीमा छन् ।

जोगेश्वर माविमा कक्षा ६ मा अध्ययनरत रजनी र रङ्गीन प्राविमा कक्षा ३ मा अध्ययनरत रञ्जिता १७ महिनाको सानो भाइ र आमासहित चारजना दुई दिनदेखि टोलबाट अलि परको अर्को घरमा आश्रय लिइरहेकी छन् । 'विद्यालय जाने बेलामा परेकाले पढ्ने किताबकापी त हामीसँगै छ', रजनीले भनिन्, 'खाने अन्न, सुत्ने ओछ्यान र लगाउने कपडा सबै डढेर सखाप भएको छ, अलिअलि भएको बिस्कुट र चाउचाउ खाएर बसेका छौँ ।' बाबा विदेशमा भएकाले आफूहरू चारजना अर्कै घरमा सरेर बसेको दुवै जनाले सुनाइन् ।

सोही गाउँका माथिल्लो टोलका सत्यलाल तामाङले घरभित्र जलिरहेको दलिनको ठुटोको प्वालबाट निस्किरहेको धुँवा नियाल्दै भने, 'यो घरलाई जोगाउन सकिएन, तल्लोपट्टि रहेको एउटा घरलाई भने नेपाली सेना, प्रहरी र स्थानीय बासिन्दा मिलेर पानी छर्केरै भए पनि जोगाउन सफल भइयो, अहिले त्यही बसिरहेका छौँ ।' जिउमा लगाउने कपडाबाहेक भएभरको सामान निकाल्न नभ्याएपछि विपद् व्यवस्थापन समिति र सहयोगी सङ्घसंस्थाले दिएको राहतको भरमा चलिरहेको उनले बताए । सोही ठाउँका अर्का पीडित कान्छीमाया तामाङले एक्कासी भएको आगलागीका कारण घरभित्र भएको सबै जलेपछि केही निकाल्न नपाएको बताए । 'अहिले के गर्ने कस्तो गर्ने भन्नेमा अन्योल छ' उनले भने, 'सबैको सरसहयोग रहे पनि हामी भने अलमलमै छौँ ।'

काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका–४ स्थित सानोपोटा गाउँमा मङ्गलबार दिउँसो भएको आगलागीमा परी १५ घर जलेर नष्ट भएपछि यहाँको सिङ्गो तामाङ बस्ती नै बिचल्लीमा छन् । गाउँ नजिकै भएको सामुदायिक वनमा भएको आगलागीबाट सिङ्गो गाउँ नै सखाप हुनेगरी जलेपछि अहिले सो ठाउँमा वडा, गाउँपालिका, जिल्ला विपद् व्यवस्थापन समितिदेखि विभिन्न सङ्घसंस्थाले सहयोग गर्दै आइरहेको छ । पीडामा परेका परिवारलाई राहतदेखि सान्त्वना प्रदान गर्न सानोपोटामा आफन्त र सहयोगी हातहरूको उपस्थिति हुने क्रम निरन्तर छ । घरभित्र भएको अन्नपात, लत्ताकपडा, भाँडाकुँडा सबै जलेपछि बिचल्लीमा परेका यहाँका बासिन्दा राहतको भरमा छन् भने दैनिक कायममा समेत फर्कन सकेका छैनन् ।

गाउँपालिका अध्यक्ष दिनेश लामाले घटना भएपछि स्थानीय विपद् व्यवस्थापन समिति निरन्तर रूपमा सहयोगका लागि परिचालन भइरहेको बताए । तत्कालीन रूपमा राहत उपलब्ध गराउन गाउँपालिकाले बुधबार दुई बोरा चामल, दाल, मेष्ट्रिस, नुन, तेल वितरण गरेको उनले बताए । त्यस्तै नेपाल रेडक्रस र अन्य सङ्घसंस्थाको सहयोग पनि जारी रहेको समितिले जनाएको छ । त्यससँगै खानेपानीको पाइप जलेर समस्या भएको खानेपानीको आपूर्तिका लागि पालिका लागिरहेको र दीर्घकालीन व्यवस्थापन तथा पुनःस्थापना गर्ने विषयमा छलफल भइरहेको अध्यक्ष लामाले बताए ।

जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा नेतृत्वको टोलीले बुधबार स्थलगत अनुगमन गर्दै जिल्लामा एकैपटक धेरै घर जलेको पहिलोपटक भएको जनाएको छ । घटनापश्चात तत्कालीन राहत तथा व्यवस्थापनका लागि काम भइरहेको र दीर्घकालीन व्यवस्थापनका लागि भएकोलाई मर्मत गर्ने तथा केहीलाई पुनःनिर्माण गर्नुपर्ने हुनसक्ने भएकाले प्राविधिक टोलीबाट क्षतिको पूर्ण विवरण आइसकेपछि तीनै तहका सरकारको सहयोगमा निजी आवास पुनःनिर्माण अनुदानभित्र रहेर व्यवस्थापन गर्न प्रयन्त गरिने उनले बताए ।

प्रहरीको प्रारम्भिक विवरणअनुसार आगलागीबाट दुई करोड २६ लाख ३० हजार रुपैयाँ बराबरको क्षति भएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठका अनुसार आगलागीबाट १५ घर, सात गोठ तथा चार शौचालय जलेर नष्ट भएका र अझै विस्तृत विवरण आउन बाँकी रहेको छ ।

# इन्टरनेट सेवा अवरूद्ध हुने कार्य नगर्न आग्रह




**रासस**
**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले देशभर इन्टरनेट सेवा प्रदान गर्दैआएका केही सेवा प्रदायकहरुले 'ब्याण्डविथ' खरिद वापतको विदेशी मुद्रा भुक्तानीको सिफारिस नहुँदा इन्टरनेट सेवाअवरुद्ध भएको प्रकाशित समाचाप्रति गम्भीर ध्यानाआर्कषण भएको जनाएको छ । मन्त्रालयले बिहीबार एक प्रेस विज्ञप्ती जारी गर्दै इन्टरनेटजस्तो अत्यावश्यक सेवा अवरूद्ध हुने गरी कोही कसैले कुनै कार्य नगर्न नगराउन सेवा प्रदायक निकायहरुलाई आग्रह गरेको हो ।

आम उपभोक्ताबाट अग्रिमरूपमा सङ्कलन गरेको महशुलबाट कानुनबमोजिम राज्यलाई तिर्न बुझाउनपर्ने ग्रामीण दूरसञ्चार विकास शुल्क तथा रोयल्टी रकम समयमा नबुझाइ अत्यावश्यक सेवा अवरूद्ध हुने गरी कोही कसैले कुनै कार्य नगर्न र नगराउन आग्रह गरेको छ । नेपाल दूरसञ्चार प्राधिकरणमा दर्ता भएका एक सय २२ वटा इन्टरनेट सेवा प्रदायकहरू र २३ वटा नेटवर्क सेवा प्रदायकमध्ये केही इन्टरनेट सेवा प्रदायकबाहेक अन्य दूरसञ्चार सेवा प्रदायकले नियमअनुसार तिर्नु बुझाउनुपर्ने शुल्क बुझाएका सेवा प्रदायकहरूको विदेशी मुद्रा सट्टा सिफारिस नेपाल दूरसञ्चार प्राधिकरणको सिफारिसमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्ने कानुनी व्यवस्थाबमोजिम नियमित सिफारिस भइरहेको पनि मन्त्रालयले जनाएको छ ।

इन्टरनेट सेवा प्रदायकहरूले देशभित्र इन्टरनेट सेवा प्रदान गरेवापत ग्राहकबाट अग्रिम रूपमा महशुल लिने गरेको, यसरी लिएको महशुलबाट वार्षिक आयको दुई प्रतिशत ग्रामीण दूरसञ्चार विकास कोष र वार्षिक कूल आम्दानीको चार प्रतिशत रोयल्टी बुझाउनुपर्ने व्यवस्थाबारे पनि मन्त्रालयले पुनः स्मरण गराएको छ । 'इन्टरनेट सेवा प्रदायकहरूले देशभित्र इन्टरनेट सेवा प्रदान गरेवापत ग्राहकबाट अग्रिम रूपमा महशुल लिने गरेको, यसरी लिएको महशुलबाट वार्षिक आयको दुई प्रतिशत ग्रामीण दूरसञ्चार विकास कोष र वार्षिक कूल आम्दानीको चार प्रतिशत रोयल्टी बुझाउनुपर्ने व्यवस्था दूरसञ्चार ऐन, २०५३ को दफा ३० र दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा रहेको छ । नियमावलीको नियम २६ मा (१) नियम १० को उपनियम (५) र (६) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले गरेको वार्षिक कूल आम्दानीको चार प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रूपमा नेपाल सरकारलाई बुझाउनु पर्नेछ र सो अवधिभित्र नबुझाएमा बुझाउन बाँकी रहेको रकमको दुई प्रतिशतका दरले प्रत्येक महिना थप दस्तुर लाग्नेछ', विज्ञप्तिमा उल्लेख गरिएको छ । सो व्यवस्थाअनुसारको शुल्क बुझाउन नेपाल दूरसञ्चार प्राधिकरणले सेवा प्रदायकहरूलाई पटक पटक अनुरोध गरिसकेको पनि विज्ञप्तिमा जनाइएको छ ।

# मटिहानीका खरानीका घर फेरि बौरिने प्रतीक्षामा पीडित



**रासस**
**महोत्तरी ।**
बालबालिका न हुन्, घरबारविहीन भई खुला आकाशमुनि आउँदा पनि निस्फिक्री जीवन बाँचिरहेका छन् । न छानाको चिन्ता छ न मानाको । चिन्ता छ त केवल 'खरानीको घर' अरुको भन्दा राम्रोसँग कसरी ठड्याउने ! यही वैशाख १२ गते आगलागीबाट एक सयभन्दा बढी घर जलेर खरानी भएका महोत्तरीको मटिहानी–६ को जरलहवागाछी बस्तीमा अहिले यस्तै दृश्य देखिन्छन् । घरबास कहिले उठ्ने हुन् अहिलेसम्म टुङ्गो छैन तर त्यहाँका अबोध बालबालिका भने घर जलेकै ठाउँमा 'खरानीको घर' बनाउने खेलमा व्यस्त छन् । खरानी मुछेर दिनमा कैयनपटक घर बनाउँछन्, भत्काउँछन् । अनि एकअर्कालाई भन्छन्, 'याह देख, हम त देवाल ठार कदेली (यी हेर, मैले त पर्खाल ठड्याएँ) ।'

अचेल हरेक दिन स्थानीय अभिभावकले यस्तै दृश्य देख्नुपरेको छ । बालबालिकाका लागि रमाइलो खेल भएपनि देख्नेका लागि वैशाख १२ को कहालीलाग्दो दृश्य सम्झाएर पलपलमा मन छियाछिया बनाउने कारण बनिरहेका छन यी दृश्य । आगलागीबाट क्षतिग्रस्त वडासँग जोडिएको छिमेकी बस्तीका मोहम्मद इसराफिल राइन घर जलेर बनेको खरानीको सहारामा सपनाको घर सजाउने बालबालिकाको क्रियाकलाप हेरेर आफूले पनि आँशु रोक्न नसकेको बताउँछन् । 'दसकौँ पहिलेदेखि बसिरहेका घर जलेर खरानी भएका छन्, बालबालिकाले त्यही खरानी मुछेर घर बनाइरहेका छन् । रमाइलोका लागि बनाइएका यी खरानीका घर सो बस्तीका सपना पनि हुन् । ती सपनाका घरमा पीडित परिवारले अब कहिले पो बस्न पाउने हुन् । सम्झदा पनि उदेक लाग्छ', इसराफिलले भने, 'तर सबैको सहयोगमा दसकौँदेखि बसिरहेको आफ्नै थातथलोमा स्थानीयले बस्न पाउने गरी घर बन्ने हाम्रो अपेक्षा छ ।' स्थानीय अभिभावकमात्रै होइन मटिहानी नगरप्रमुख हरिप्रसाद मण्डललाई पनि यी दृश्यले वैशाख १२ मा दन्दनी सल्किएको आगोको बिस्मृति सम्झाएर भत्भति पोल्छ, गहभरि आँसु हुन्छ । 'मैले आफैँले देखेँ, भोगेको घटनाले मन अझै स्थिर हुन सकेको छैन । हरेक दिन बस्ती निरीक्षणमा जाँदा बालबालिका खेलिरहेका दृश्यले झन् अस्थिर बनाउँछ । मलाई नै भत्भति जलिरहेको आभाष हुन्छ', मण्डल गला अवरुद्ध पार्दै भन्छन्, 'नगरबस्ती घुमफिरपछि घर पुगेर खान थालेकै बेला वडा नम्बर–६ कार्यालयबाट आगलागीको खबर आएलगत्तै गाँस छाडेर बस्ती पुगेको क्षण उप्काएर बेचैनी बढाउँछ ।' नगरप्रमुख मण्डलले भनेअनुसार उनको घर आगलागी भएको स्थानबाट करिब ४ सय मिटर मात्र टाढा छ । उनी घटना सुनेलगत्तै गाँस छोडेर बस्तीतर्फ हानिएको सम्झिँदा बेलाबेला भावुक बनाउने गरेको बताउँछन् । घरबाट निस्किँदै नगरको दमकल चालक, जिल्लास्थित सशस्त्र प्रहरीको ९ नम्बर गण, जिल्ला प्रहरी, जिल्ला प्रशासन र नेपाली सेनाको परिकौलीस्थित गणमा फोन गरिसकेकाले उहाँ नपुग्दै पाँच सात मिनेटमै नगरको दमकल आगो निभाउन लागेका दृश्य मानसपटलमा ताजा बनेर आउँछ ।

प्रचण्डगर्मीको राप र हावाको गतिका अगाडि एउटा दमकल निरिहजस्तै बन्यो । प्रमुख जिल्ला अधिकारीको समन्वयमा केहीबेरमै दमकल थपिँदा आगोको लप्काले धेरै घरलाई लपेटिसकेको थियो । मण्डल भन्छन्, 'एकै छिनमा १० वटा दमकल पुगे, नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरी, नगर कर्मचारी र नगरबासी त पुग्यौँ तर केही सीप चलेन । आगो निभाउन करिब छ घण्टा लाग्यो । त्यतिञ्जेल बस्ती खरानी भइसकेको थियो ।' सो दिनको मौसम र आगोको राक्षसी रुप हेर्दा बस्तीमा थप क्षति बढ्न नदिन एक प्रकारको सफलता नै पाएको मण्डलको भनाइ छ । उहाँले त्यसो भनिरहँदा हामीले जिज्ञासा राख्यौँ, क्षति कम गर्न तपाईंहरुको प्रयास पर्याप्त थियो कि थप केही गर्न सकिन्थ्यो ? जवाफमा मण्डल भन्छन्, 'जसको असावधानीले भए पनि आगो त लागिसकेको थियो । हामीले खबर पाउनेबित्तिकै लागेपुगे जति सबै प्रयास गर्यौँ । आफ्नो दमकल समयमै पु¥यायौं, थप दमकल र आगो निभाउन दक्ष जनशक्ति पनि समयमै घटनास्थलमा परिचालन भए । प्रतिकूल मौसमले आगो निभाउन धेरै समय लाग्यो ।' बस्तीमा आगो दन्किरहँदा मण्डल बलिन्द्र आँसु झार्दै बस्तीबाट ससाना लालाबाला, सरसामान, पशुचौपाया र अन्य वस्तु जोगाउन अपिल गरिरहेका थिए । निकै द्रवित र हतास हुनुभएका मण्डलको त्यसताकाको भिडियो पनि सार्वजनिक भएको थियो । भिडियोमा देखिएजस्तो नागरिकको पीडा र क्षतिले भावविह्वल हुँदा पनि आफू हतास भने नभएको उनको भनाइ छ ।

**राहत र पुनःस्थापना**
विपद् नै अप्रत्यासित हुन्छ । सुख्खा र गर्मीयाम भएकाले अहिले देशभर नै आगलागीका अप्रत्यासित घटना दिनदिनै बढिरहेका छन् । मटिहानी आगलागी घटना पनि त्यस्तै अप्रत्यासित थियो । त्यसैले घटनाबारे दुःखमनाउ गर्नुभन्दा अरु ठाउँमा यस्तै घटना हुन नदिन विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी आवश्यक छ भने मटिहानीमा भने पुनस्र्थापना, पुनर्लाभ र पुनर्निर्माणका क्रियाकलापमा गति दिनुपर्ने आवश्यकता छ । यो चरणमा मटिहानी नगरपालिका एक्लैको प्रयास पर्याप्त हुँदैन, छैन । नगरप्रमुख मण्डल पनि उद्धार र राहतका लागि अभूतपूर्व सहयोग जुटेको र अब खरानी टक्टक्याएर मटिहानीलाई माथि उठाउनका लागि थप सहयोग आवश्यक रहेको बताउँछन् । 'मटिहानीका लागि यो ठूलो विपद्को समय हो तर यो समस्यामा हामी एक्लै छैनौँ । यो देशकै पीडा भएकाले सबै हामीसँग उभिन्छन् भन्ने आशा छ । त्यसैले प्रभावित परिवारका लागि तत्काल आवश्यक पर्ने राहत सामग्री उपलब्ध भइरहेका छन् । विभिन्न सङ्घसंस्था, जिल्लास्थित सुरक्षा निकाय, उपकारी व्यक्तिहरुको उदात्त सहयोगले धेरै कुरा जुट्यो', मण्डलले भने ।

अहिले प्रभावित बस्तीका सबैजसो परिवारमा एक महिनासम्म पुग्ने तयारी खानेकुरा, खाद्यान्न (दाल, चामलसहितका भान्साका सामग्री), लुगा र अत्यावश्यक भाँडाकुँडा प्राप्त भएको उनले जानकारी दिए ।

विपद्का बेला सहयोग र सद्भाव राख्नेहरु मटिहानीबासीको सम्झनामा सधैँ रहने भन्दै मण्डल अब सुरक्षित बासका लागि पनि सबैबाट उत्तिकै सहयोग पाउने आशा व्यक्त गर्छन् । हालसम्म जुटेको सहयोगबाट पीडित परिवारलाई खान र आङ ढाक्न सक्ने अवस्था बने पनि बासको प्रबन्ध नहुँदा खुला आकाशमुनि बस्नुपर्ने बाध्यता रहेकाले त्यो पनि चाँडै हट्ने उनको विश्वास छ । 'प्रचण्डगर्मी छ । साना बालबालिका बाबुआमा र अभिभावकका काखमा निदाए पनि घरका बुढापाकाले अझै राम्ररी सुत्न पाएका छैनन् । अब प्रभावित परिवारलाई घामपानीको ओत दिनुपर्ने छ । नगरपालिकाको यो तयारीमा सबैको सहयोग रहने विश्वास छ', उहाँ आशावादी छन् ।

पुनस्र्थापना र पुनर्निर्माणका लागि प्रदेश, केन्द्र सरकार र अन्य निकायसँग पनि निरन्तर छलफल तथा समन्वय भइरहेको नगरपालिकाले जनाएको छ । केही दिनअघि मधेश प्रदेशका मुख्यमन्त्रीको स्थलगत निरीक्षण र केन्द्र सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको टोलीले अवलोकनपश्चात् आफूमा पनि केही हिम्मत बढेको नगरप्रमुख मण्डलको कथन छ ।

"बच्चाहरुले बनाउने खरानीका घर होइन पहिलेजस्तै स्थायी घर बनाउन तीनै तहका सरकार र अन्य व्यक्ति तथा दातृ निकायसँग पनि कुरा भइरहेको छ । एक सयभन्दा बढी परिवारको व्यवस्थापन गर्नुपर्ने भएकाले केही समय त लागिहाल्छ तर पनि हामी फेरि उठ्ने छौँ र नगर निर्माणका अरु काममा जुट्ने छौँ', मण्डलले मलिन मुहार उज्यालो बनाउँदै भने । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्माले तत्कालका लागि आवश्यक राहत र अस्थायी बास निर्माणका लागि त्रिपाललगायत सामग्री प्राप्त हुनेक्रम बढ्दै गएको बताए । अब पुनस्र्थापना र पुनर्निर्माणको मुद्दामा केन्द्रीत हुन नगरले योजना बनाइरहेको शर्माले बताए । 'तत्कालका लागि हाम्रो नगरपालिकाले अत्यावश्यक खाद्यसामाग्री र पाँच हजार रुपैयाँ, काठमाडौँ महानगरपालिकाले एकमुष्ठ १० लाख रुपैयाँ र जिल्ला विपद् व्यवस्थापन समिति महोत्तरीले प्रतिपरिवार २० हजार रुपैयाँ राहत दिने र अरु स्थानीय तहले पनि हाम्रो पीडामा सहयोग गरी मल्हम लगाउने काम गरिरहनुभएको छ', शर्माको भनाइ छ, 'अब पुनस्र्थापना र पुनर्निर्माणको अभियानमा पनि यस्तै सहयोग हुने अपेक्षा छ किनकि यो नगरपालिकाको क्षमताभन्दा बाहिरको कुरा हो । तीन तहका सरकार र अन्य व्यक्ति तथा संस्थाको सहयोगसहित यो अभियानमा पनि चाँडै विजयी हुनेछौँ ।' करिब १५ करोड रुपैयाँ भन्दा बढीको क्षति भएको जरलहवाबस्तीबाहेक मटिहानीमा वैशाखयता तीनवटा आगलागीका घटना भइसकेका छन् । जरलहवाबस्ती अघि एक फर्निचर उद्योगमा भएको आगलागीमा करिब ३५ लाख रुपैयाँ बराबर र गत बिहीबार मटिहानी–९ को एक इलेक्ट्रोनिक्स पसलमा आगलागी हुँदा तीन लाख रुपैयाँ भन्दा बढीको क्षति भएको छ । हरेक वर्ष गर्मीयाममा हुने यस्ता घटना अप्रत्यासित रुपमा भइरहेकै छन् । मटिहानी जरलहवा आगलागीको घटनापछि नगरपालिकाले आफ्नो क्षेत्रका बस्ती र टोलमा आगो व्यवस्थापनबारे सचेतना कार्यक्रम सञ्चालन गरिएको जनाएको छ । 'हामीले घरघरमा खाना पकाएपछि आगो राम्ररी निभाउन, बिडी–चुरोटका ठुटा ननिभाई नफाल्न, प्रज्वलनशील वस्तु (सलाई, लाइटर आदि) साना नानीबाबुले नभेट्ने ठाउँमा राख्न र आगो बाल्नपूर्व मौसमको अवस्था ख्याल गर्न सचेतना अभिवृद्धि अभियान पनि सञ्चालन गरिरहेका छौँ' प्रमुख प्रशासकीय अधिकृत शर्माले भने । बर्सेनि छिटफुट आगलागीका घटना व्यहोरे पनि जरलहवाबस्तीको घटनापछि महोत्तरीमात्रै होइन सिङ्गो मधेशलाई नै झस्काएको छ । जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवम् महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले एउटा बस्ती छिनभरमा खरानीमा परिणत भएको घटनाले विपद् व्यवस्थापनको पूर्वतयारीका विषयमा आफूहरुलाई निकै चिन्तित बनाएको बताए । 'स्थानीयस्तरमा भएका विपद् व्यवस्थापन समिति थप सक्रिय हुने र सबै पालिकामा बारुणयन्त्र भइदिएको भए यति ठूलो क्षति हुनबाट रोक्न सकिन्थ्यो होला । अबचाहिँ सबै पालिकालाई सचेत बनाउने, स्थानीय नागरिकलाई सचेत र जागरुक बनाउने कार्यक्रम पनि सँगसँगै अगाडि बढाउनुपर्छ', गेलालले भने ।

मटिहानीका आगलागीपीडितलाई दिगो व्यवस्थापन र पुनर्निर्माणका काम अगाडि बढाउन हाल सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा समिति बनाएर अध्ययनको काम भइरहेको र समितिको प्रतिवेदन आएपछि बाँकी काम अगाडि बढाइने प्रमुख जिल्ला अधिकारी गेलालको भनाइ छ ।

'घटनापछि तत्काल राहत र उद्धारका काम भएका छन् । अब पुनर्निर्माणका काममा जुट्नुपर्ने आवश्यकता छ । हाल बसिरहेको बस्ती गुठीको जग्गामा रहेकाले केही कठिनाइ छन् ।

पीडितहरुसँग अरु ठाउँमा जग्गा छ कि छैन, छ भने भएको ठाउँमा व्यवस्थापन गर्ने र नभए गुठीसँग मिलेर समस्या समाधान गर्नुपर्ने छ । त्यसमा नगरपालिका र समितिले मिलेर काम गर्नेछ', उनले भने ।

मटिहानी–६ का वडाध्यक्ष कलिम अन्सारी तीनै तहका सरकार र परोपकारी व्यक्ति तथा संस्थाहरुका सहयोगले आफ्नो बस्ती फेरि बौरिने र फेरि हाँसो फर्किने आशामा छन् । 'अहिले बस्तीका बालबालिकाले खरानीका घर बनाएका दृश्य देखेर मन छियाछिया हुन्छ, गहभरी आँसु हुन्छ । अब चाँडै स्थायी घर बनाएर यो बस्तीमा हाँसो छाउने छ । सबैको सहयोगले बन्ने त्यस्ता घरमा बालबालिकाले सुन्दर भविष्यको खाका कोर्ने छन्', वडाध्यक्ष अन्सारीले सम्हालिँदै भने ।

# प्रचण्ड गर्मीमा 'गुइँठा' बनाउँदै महोत्तरीका गृहिणी



**रासस**
**महोत्तरी ।**
अहिले वैशाखको तेस्रो सातामै महोत्तरीमा तापक्रम दैनिकजसो ४२ डिग्री सेल्सियसको सेरोफेरोमा छ । प्रचण्ड रापसँगैको तातो हावाका बीच पनि यहाँ गृहिणी भने बर्खा यामका लागि 'गुइँठा' बनाउन व्यस्त छन् । मधेशमा खाना पकाउने इन्धनको जोहोमा 'गुइँठा' बनाउने व्यस्तता बढेको हो । बर्खामास खाना पकाउन यहाँका गृहिणी जेठसम्म 'गुइँठा' बनाउने काममा व्यस्त हुन्छन् । यहाँ गोबरमा पराल वा साना झिक्रा हालेर डोलो 'गुइँठा' र घरका पर्खालमा गोबर सुकाएर 'चपरी' पारिन्छ । गाई, भैँसी पालेका किसानले आफ्नै गोठको गोबरमा र यी पशुबस्तु नपाल्नेले चरन क्षेत्र र बाटाघाटाका गोबर टिपेर घरमा ल्याई थुपारेर 'गुइँठा' बनाउँछन् । जिल्लाका सबैजसो स्थानीयतहका ग्रामीण बस्तीमा अहिले आम महिला ढकी (बाँसको चोयाले बुनिएको खास भाँडो, 'छिटी' पनि भनिन्छ) बोकेर गोबर सङ्कलन गर्न र घरघरै 'गुइँठा' बनाउन व्यस्त देखिँदा छन् । जिल्लाका १५ स्थानीयतहमध्ये १० नगरपालिकामा पनि धेरैजसो ग्रामीण बस्ती नै रहेका हुँदा सबैजसो भेगमा अहिले गृहिणीको 'गुइँठा' बनाउने काममा व्यस्तता बढेक हो । 'कि करु ? खाना त खाइपरत, अइकेलेल जोगार त कर परल नई' (के गर्नु ? खानु त परिहाल्छ, त्यसका लागि इन्धनको जोहो त गर्नै प¥यो नि) धमाधम गुइँठा बनाउँदै भङ्गाहा–३ सकरी बस्तीकी रामराजी सदा भन्छिन् । 'अखैन जोगार नइकरब त बर्खामें दिकत होयत' (अहिले इन्धनको जोहो नगरे बर्खामा अप्ठ्यारो हुन्छ) । बर्खामा गुइँठा चाँडै बल्ने र सल्केपछि ननिभ्ने भएपछि गृहिणी यसमा खाना पकाउन अभ्यस्त भएका छन् ।

जिल्लामा खाना पकाउने इन्धनमा बाक्लै प्रयोग हुने गोबरको चिपरी र गुइँठा (गोरहा) मा आगो ननिभ्ने र खानेकुरा पनि स्वादिलो हुने आमविश्वास छ । बर्दिबास नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख जनस्वास्थ्य निरीक्षक सुरेश पासवान गोबरका 'चिपरी' र 'गुइँठा'मा पकाइएको खाना मौलिक स्वादको हुने र स्वस्थ्यकर पनि हुने बताउँछन् । यहाँका महिला अहिले कृषि कार्य नहुँदा वर्षभरिकै इन्धन जम्मा गर्न 'चिपरी' र 'गुइँठा' बनाउन व्यस्त भएका हुन् । घरमा पशुबस्तु हुनेले आफ्नै गोठको गोबर जम्मा गरेर लगाउने र गोठमा नहुनेले सडक र चरन क्षेत्रसम्म पुगेर गोबर सङ्कलन गरेर घर वरपर ल्याएर थुपार्ने महोत्तरीमात्र नभएर मध्यपूर्वी तराईकै आम कुरो मानिन्छ । यसरी दुई/तीन दिन लगाएर थुपारिएको गोबर अर्को दुई÷तीन दिन लगाएर 'गुइँठा' र 'चिपरी' पाथ्ने गरिन्छ । सामान्यतया गोबरलाई चाक्लो पारेर पथारिनेलाई 'चिपरी' र भित्रपट्टि पराल र मसिना झिक्रा हालेर लामो डोलो बनाइनेलाई 'गुइँठा' वा 'गोरहा' भनिन्छ । यसरी बनाइएका 'गुइँठा' घाम राम्रो लाग्ने ठाउँमा चाङ लगाएर राखिन्छ । यस्तो चाङ एक महिना जति घामले सुकेपछि 'चिपरी' र 'गुइँठा' पानी नचुहिने, नभिज्ने ठाउँमा थाक बनाएर राखेपछि आवश्यकताअनुसार खाना पकाउन प्रयोग गरिन्छ ।

खासगरी वन क्षेत्र टाढा भएका र ग्यास किन्ने हैसियत नभएका घरमा इन्धनका लागि 'चिपरी' र 'गुइँठा' बालेर खाना पकाउनुपर्ने बाध्यता छ । तराई क्षेत्रमा गाई, गोरु, भैँसी र राँगाको गोबर इन्धनमा खर्च भएपछि जग्गा जमिनमा उत्पादन भने कम हुने र रासायनिक मलको प्रयोग बढेको पाका किसान बताउँछन् ।

'खेतबारीमा हाल्नुपर्ने कम्पोष्ट मल बनाइने गोबर दाउरामा प्रयोग गरिन्छ', महोत्तरीकै बर्दिबास–७ का विन्देश्वर यादव भन्छन्, 'खेतबारी मलिलो बनाउने कम्पोष्ट मल नभएपछि उत्पादन निकै घटेको छ ।' अब इन्धनमा गोबरको विकल्प नखोजिने हो भने जग्गाको उर्वरा शक्ति ह्रास भएर यहाँका जग्गा बेकामे बन्ने किसान बताउँछन् ।


## गरम हावा/लू से बचे खातिर यी बातसब ध्यान मे राखल जावो



- पानी अधिक पियल जावो ।
- दिनके १२ बजेसे ४ बजेके कडा घाममे सकभर घरसे ना निकलकल जावो ।
- सबेरे आ सझिया ही खेतबारी मे काम करल जावो ।
- घाम के समयमे घरसे बाहर निकलेके परे त पतला सुती के कपडा से मुडी आ चेहरा तोपल जावो । गम्छा, टोपी आ छाता के प्रयोग करल जावो ।
- जुता के बदला खुल्ला चप्पल पहिरल जावो ।
- निम्बु पानी, नारियल पानी, छाछ, मठ्ठा आ फलफूल जैसन पेय पदार्थ के सेवन करल जावो ।
- हल्का आ सुती के खुल्ला कपडा लगावल जावो ।
- गर्मी के समय मे बाजारके पैक करल खाना ना खाइल जावो ।
- ताजा फल, सलाद आ घरमे बनावल चिज ही खाइल जावो ।
- चक्कर, उल्टी, कपरबथी आ सास फेरे मे तकलिफ होखे त जल्दी से नजिक के अस्पताल वा स्वास्थ्य चौकी मे जचावल जावो ।
- बुढ-पुरनिया, बेमार आ दीर्घरोगी सबके विशेष खयाल कैल जावो ।



**जनहितमे जारी सन्देश**

Tv BIRGUNJ · RADIO · मधेशदृष्टि राष्ट्रिय दैनिक

*कसैसँग दुःखी हुनु भन्दा एक्लै दुःखी हुनु धेरै जाती ।*
*–मार्लिन मुनरो*

## सम्पादकीय

# चोरलाई कति सजिलो ?

*उसै त बैंकले भन्दा सहकारीले चाँदीका बिस्कुट उपहार दिएर बढी ब्याज–कमिसन दिन्छु भनेर जनताको पैसा लुटिरहेका छन् । भएभरका सहकारी समस्याग्रस्त हुँदा पनि बैंकबाट पैसा निकालेर सहकारीमा पु¥याउन जानेहरु चुइँक्क बोल्न सकेका छैनन् । बैंकले कम ब्याज दिने अवस्थासँगै तरलताले समस्या खेपेपछि जनताको विश्वास घटिरहेको छ । पछिल्लो समय बैंकले दिएको नोटसमेत नक्कली परेपछि उस्तै समस्या छ । बैंक लुटिन थालेका छन् । लुटेराहरु कारबाहीमा परेको थाहा छैन । नेपालमा त फिल्मसमेत बैंक कसरी लुट्ने भन्ने बनेपछि नयाँ शैलीको फिल्म भनेर मन पराउनेहरु बढे । यसैले नराम्रो काम पनि राम्रोसँग गर्न सकियो भने प्रशंसा हुन्छ भने झैँ पछिल्लो समय बैंकहरुले सुर्क्षा गार्ड पनि राख्न छाडेछन् । चोरलाई झन सजिलो हुने नै भयो । दिउँसौ सिसिटिभीमा त हतियार देखाउँदै बैंक लुटिने देशमा राति तालाचाबी नै चोरले फेरेर गाडीमा पैसा लैजाँदासमेत थाहा नपाउने अवस्थामा हामी बैंकमा पैसा जम्मा गरिरहेका रहेछौँ ।*

*सुरक्षा संयन्त्र गजब भनौँ, बैंकको पैसा चोरेर म्याजिक भ्यानमा कोचेर तीन जिल्ला हुँदै भारत कटाउँदासमेत थाहा पाउँदैन । बिग्रियो भनौँ, चोकचौतारमा प्रहरी बसेर जनतालाई सोधपुछ गरेकै छ । जाँच बढाएकै छ । चर्को घाममा खटिएका सुरक्षाकर्मी देख्दा एक बोतल पानी किनेर दिउँदिउँ लाग्छ । तर चोरलाई चौतारो भइरहेको छ हाम्रो भूमि । बैंकले सुरक्षाकर्मीबिना करोडौँ रकम कार्यालयमै मौज्दात राखेर हिँडिरहेको छ । चोरहरु योजना बनाएर नै पैसा चोरिरहेका छन् । भारतीय शहर घोडासहनबाट आएका चोरहरुले पनि होटल बुक गरेर नेपालीको सहयोगमा रकम चोरेको विषयलाई प्रहरी र बैंक व्यवस्थापनले सस्तो लोकप्रियताका लागि मात्रै मिडियालाई सूचना दिएको हो । साँच्चै प्रहरी मिडियासँग मैत्रीपूर्ण व्यवहार गथ्र्यो भने चोरी भएकै भोलिपल्ट केही चोर समातिदा किन बोल्न डराइरहेको थियो । भारतीय प्रहरीले बेलैमा मदत गरेर प्रहरीको नाक राखिदिएको छ । यस मामलामा भारतीय प्रहरीको राम्रो सहयोग प्रहरीले पाइराखोस् ।*

*खोटा सिक्काको बजारीकरण, नेपाली नोट बैंकबाट चोरीले नेपाल भारत सीमामा आतंक मच्चिएको छ । यस्तो अवस्थामा सबैले सतर्कता अपनाउ जरुरी देखिएको छ । नक्कली नोटको कारोबारीले लागुऔषधलाई पनि उस्तै बढावा दिएका छन् । सबै अपराधको सञ्जाल भत्काउन प्रहरीले पेचिलो योजना बनाउन जरुरी देखिएको छ । अन्यथा फेरि पनि नयाँ तालाचाबी लिएर चोरहरु होटल बुक गर्ने, म्याजिकमा पैसा ओसार्ने काम नगर्लान् भन्न सकिन्न ।*

# सूचना तथा सञ्चार प्रविधि दिवस प्रविधिबाट प्रभावित बन्दै ‘सन्देश’ निर्माण प्रक्रिया



धर्मेन्द्र झा

पत्रकारिता र सञ्चार प्रक्रियामा सन्देशको निकै ठूलो महत्व हुन्छ । एक किसिमले भन्ने हो भने सञ्चार जहिल्यै सन्देशको वरिपरि केन्द्रित हुन्छ । सञ्चारको प्रक्रिया गतिशील हुने नै सन्देशका लागि हो भनेर भनियो भने गलत हुने छैन । र, पत्रकारिता सन्देश अभिव्यक्तिको माध्यम हो । तर अहिले यही सन्देश प्रविधिबाट प्रभावित हुने अवस्थाको निर्माण भएको छभन्दा असङ्गत नठहरिएला । रङ्गीन टेलिभिजनको अविष्कारपछिका दिनमा पत्रकारिता र आमसञ्चारका प्रसिद्ध विद्वान मार्शल म्याकलुहानले भन्नुभएको थियो, “मिडियम इज द म्यासेज अर्थात माध्यम नै सन्देश हो ।” कालान्तरमा उहाँले आफ्नो धारणाको परिमार्जन गर्नुभएको थियो । सारमा उहाँको सङ्केत थियो–प्रविधिले सञ्चारको मूल प्रक्रियालाई प्रभावित गर्न सक्छ । तर आज कताकता लाग्न सक्छ मार्सल सही हुनुहुन्थ्यो ।

आज सञ्चार तथा सूचना प्रविधिको यति विकास भएको छ कि साँच्चै सन्देश निर्माण तथा आदानप्रदान प्रक्रिया यसबाट प्रभावित हुन पुगेको हो कि भन्ने भान हुन्छ । यो त भयो पत्रकारितामाथिको प्रभावको कुरो । तर मानव समाजको सायद यस्तो कुनै क्षेत्र बाँकी छैन, जो सूचना र सञ्चार प्रविधिबाट अछुतो रहेको होस । र, स्वभाविक रुपमा नेपाल र नेपाली समाज पनि यसबाट प्रभावित छ ।

नेपालले पछिल्लो दशकमा अनुभूत गर्न सकिने गरी फड्को मारेको क्षेत्र हो सूचना र सञ्चार प्रविधि । हालसम्मको अवस्थाको मूल्याङ्कनको प्रयत्न गर्ने हो भने नेपालमा यस क्षेत्रसँग सम्बन्धित जनशक्तिको ठूलो सङ्ख्या तयार भइसकेको छ । यसै क्षेत्रको सबलीकरणमा वल पुग्ने गरी नेपालले मे २ का दिन राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसको आयोजना गर्ने गरेको छ ।

सरकारी पहलमै आयोजना गरिने यो दिवस मनाउने औपचारिक जिम्मेबारीको निर्वाह सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्ने गरेको छ । विगतमा छ संस्करणमा आयोजना भइसकेको यस पटक यो दिवसको सातौं संस्करण ‘समृद्ध नेपालको आधारः सूचना, प्रविधि र सञ्चार’ भन्ने नाराका साथ आयोजना गरिँदैछ ।

सन्दर्भमा धैरैतर्फबाट निरासाको अनुभव गरिरहिएको अवस्थामा यो एउटा यस्तो क्षेत्र हो, जसले आम नेपालीमा आशाको सञ्चार गर्न सफलता प्राप्त गरेको अनुभव गरिएको छ । यो यस्तो क्षेत्र हो, जसले एकैपटक युवालाई विदेश पलायन हुनबाट रोक्ने, स्वदेशी मुद्रा विदेश जानबाट रोक्दै विदेशी मुद्रा नेपाल भित्र्याउने र नेपाललाई विदेशमा चिनाउनेजस्ता कार्य गरिरहेको छ । यी तीनै सन्दर्भ वर्तमान नेपालका लागि निकै महत्वपूर्ण छन् । तथापि, यस क्षेत्रको विकास र प्रवद्र्धनका दिशामा केही समस्या र चुनौती विद्यमान छन् । आगामी दिनमा तिनको सम्बोधन निश्चय पनि राष्ट्रिय कार्यभार बन्न सक्नुपर्ने कुरामा विमति हुन सक्दैन ।

छरिएर रहेको यो क्षेत्रलाई सङ्गठित गर्नु, जनशक्तिको पहिचान र तिनको प्रवद्र्धन, आवश्यक नीतिको निर्माण र कार्यान्वयन, जनशक्तिलाई आवश्यक शिक्षा र प्रशिक्षणजस्ता विषय यस्तै हुन्, जहाँ सरकारलगायत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु आवश्यक छ । यस क्षेत्रमा अहिलेसम्म जे जति उपलब्धि सूचीबद्ध गर्ने प्रयास गरिएको छ । त्यसमा निजी क्षेत्रको योगदान महत्वपूर्ण छ । तुलनात्मक रुपमा सरकारले थप योगदानको रणनीति निर्माण गर्नु अपेक्षित छ ।

विश्वव्यापी रुपमा यस क्षेत्रका विज्ञको माग बढिरहेको सन्दर्भमा नेपालले यस क्षेत्रमा उचित नीति निर्माण गरी आर्थिक लगानी बढाउन सकेको अवस्थामा भविष्यमा विदेशी आर्जन गर्ने यो महत्वपूर्ण क्षेत्र हुन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन । यस क्षेत्रमा विदेशी लगानीसमेत प्राप्त गर्न सकिने कुरा तेस्रो लगानी सम्मेलनमा डाटा सेन्टर स्थापनाका लागि साढे तीन अर्वको परियोजनामा दुईपक्षीय हस्ताक्षर भएबाट पनि स्पष्ट हुन्छ । तेस्रो लगानी सम्मेलनमा हस्ताक्षर भएका योजनामध्ये सम्भवतः सबैभन्दा ठूलो राशिको योजना नै यही हो । यस परियाजनालाई यस क्षेत्रमा विकासका लागि एक महत्वपूर्ण प्रस्थानविन्दु मान्न सकिन्छ ।

विश्व सूचना तथा सञ्चार प्रविधिको बजारको विश्लेषण गर्ने हो भने दक्ष जनशक्तिको आपूर्ति तथा एप र प्रोगामको निर्माणका क्षेत्रमा नेपालको महत्वपूर्ण उपस्थिति अनुभूत गर्न थालिएको छ । अहिले नेपालले विश्व बजारमा जनशक्ति, एप र प्रोग्राम आपूर्ति गर्न सफलता प्राप्त गरेको छ । यो नेपालको महत्वपूर्ण उपलब्धि हो । भविष्यमा यस कार्यले निरन्तरता पाउनुपर्दछ र सरकारले सक्षम सहजकर्ताको भूमिका निर्वाह गर्नु वाञ्छनीय छ । यो क्षेत्र विश्वमा अहिले यस्तो क्षेत्रका रुपमा विकसित हुँदैछ, जसको आवश्यकता अन्य सबै क्षेत्रमा बोध हुन थालेको छ । यस क्षेत्रको सहभागिताबिना अन्य क्षेत्रले न त आवश्यक गति प्राप्त गर्न सक्ने न त अपेक्षित उपलब्धि नै प्रदान गर्न सक्ने स्थितिको निर्माण भएको छ । कहाँसम्म भने पत्रकारिता क्षेत्र पनि अपवाद छैन ।

माथि प्रारम्भमै पनि उल्लेख गरियो, आजको पत्रकारिता एक हदसम्म सञ्चार प्रविधिको विकासबाट प्रभावित छ । सूचना तथा सञ्चार प्रविधिको द्रुततर विकासका कारण समग्रमा पत्रकारिताको स्वरुप नै परिवर्तित हुन पुगेको छ । सन् १४४० को दशकमा जर्मनीमा गुटेनवर्गद्वारा छापाखानाको अविष्कारपछिका दिनमा पत्रकारिताले औपचारिक रुपमा विकास यात्रा प्रारम्भ गरेको हो । त्यस बेलादेखिको समयको मूल्याङ्कन गर्ने हो भने पछिल्लो करिब तीन दशक यस्तो समयावधि हो जुन समयमा पत्रकारिताले अत्यन्तै द्रुतगतिमा विकास गरेको छ ।

प्रविधिको विकासले पत्रकारिताको परम्परागत स्वरुपलाई नै विस्थापित गर्नसक्ने खतरा बढेको छ । आजको पत्रकारिता प्रविधिबाट यति बढी प्रभावित भइसक्यो कि आज पत्रकारितामा रोबोट र एआइ (आर्टिफिसियल इन्टेलिजेन्स) को प्रयोग भइरहेको अवस्था छ । स्वभाविक रुपले नेपाल पनि अपवाद छैन । यहाँ पनि पत्रकारितामा प्रविधिको मनग्गे प्रभाव परेको छ । नेपालजस्तो कम विकसित देशमा पनि आधुनिक सञ्चार प्रविधिको प्रयोगविना पत्रकारिता कर्म असम्भव बन्न पुगेको छ । नेपाली पत्रकारिता क्षेत्रमा पनि प्रविधिगत दक्ष जनशक्तिको मागमा निकै वृद्धि हुन पुगेको अनुभव गर्न थालिएको छ ।

निश्चय पनि आजको पत्रकारिता प्रविधिबाट निर्देशित हुन बाध्य छ भन्दा अनुचित हुँदैन । विशेषगरी इन्टरनेटको विकास भएपछिका दिनमा सञ्चार र पत्रकारिता क्षेत्रमा प्रविधिको हस्तक्षेप बढेको छ र यसका राम्रा नराम्रा दुवै प्रभाव यस क्षेत्रमा अनुभूत गरिएको छ भन्दा अतिशयोक्ति हुँदैन । इन्टरनेटमा आधारित डिजिटल प्रविधिले पत्रकारिताका माध्यमलाई तीव्र बनाएको छ । प्रभावकारी पनि बनाउने प्रयत्न गरेको छ । आमव्यक्तिमा सूचनाको शीघ्र सम्प्रेषणलाई सहज बनाएको छ । पत्रकारितालाई व्यावसायिक पत्रकारहरुको कित्ताबाट नागरिक पत्रकारिताको कित्तामा पु¥याउने काम गरेको छ । प्रविधिको प्रयोगले पत्रकारितालाई यति प्रतिस्पर्धी बनाएको छ कि आजको समयमा पत्रकारले कुनै पनि घटना र स्कूपलाई एकछिन पनि ‘होल्ड’ गर्न सक्दैन । एकजनाले होल्ड गरेछ भने पनि अर्को पत्रकारले त्यस्ता सूचना तत्काल सम्प्रेषण गर्छ । यसो गर्दा उसले सूचनाको सत्य स्थापित गर्न आवश्यक सम्पादकीय प्रक्रिया (एडिटोरियल प्रोसेस) र ‘गेट किपिग’ को अवधारणालाई अनुशरणमा समस्या बोध गरेको हुन सक्छ । यसो हो भने यसले निश्चय पनि समाचारमा विश्वसनीयताको सङ्कट निम्त्याएको छ-निम्त्याउँछ ।

माथि उल्लेख गरी सकियो, वर्तमानमा व्यावसायिक र नागरिक गरी पत्रकारिता दुई कित्तामा विभाजित छ । यसलाई सम्भव बनाएको छ इन्टरनेटमा आधारित डिजिटल प्रविधिले । इन्टरनेटको विकासपछि न्यू मिडिया (नयाँ मिडिया) निकै सशक्त ढङ्गले उपस्थित भएको छ । यसले सामाजिक सञ्जाल र अनलाइनको प्रयोगलाई जनसामान्यको पहुँचमा ल्याएको छ । आज सूचना सम्प्रेषणका लागि पत्रकार नै भइरहनुपर्छ भन्ने मान्यता क्रमशः अस्वीकृत भइरहेको छ । तर जनसामान्यको पहुँचमा पुगेका डिजिटल प्लेटफर्महरुमार्फत सम्प्रेषित सूचनाको आँधीबेहरीले सँगसँगै विश्वसनीयताको सङ्कट निम्त्याएको छ, यसमा दुई मत हुन सक्दैन । यसो हुनुको मूल कारण हो, सम्पादकीय प्रक्रियाको अनुशरणमा समस्या । कहाँसम्म भने व्यावसायिकरुपमा पत्रकारिता गर्नेहरुमै पनि सामाजिक सञ्जाल र अनलाइनको प्रयोग गरी सूचना सम्प्रेषण गर्ने सन्दर्भमा समस्या छ ।

कुनै दुई मत छैन, आजको सन्दर्भमा सामाजिक सञ्जाल पत्रकारिताको अत्यन्त ठूलो निर्णायक अङ्गका रुपमा विकसित भएको छ र हुँदैछ । माथिको विश्लेषणबाट पनि पत्रकारितामा प्रविधिको प्रभावबारे बुझ्न सकिन्छ । पत्रकारितामा जहिल्यै पनि सन्देशको निर्माण र आदानप्रदान महत्वपूर्ण मानिन्छ । तर प्रविधिले यसमा नयाँ ढङ्गले बहस निम्त्याएको छ भन्दा असान्दर्भिक ठहरिँदैन । रासस

# आइसिटी विकास र समृद्धिको आधार



राजन लम्साल

नेपालमा सूचना तथा सञ्चार प्रविधि (आइसिटी)को कुरा दूरसञ्चारको विकाससँगै जोडिएको छ । नेपालको दूरसञ्चार इतिहास १०० वर्षभन्दा बढी पुरानो छ । नेपालमा पहिलोपटक १९७३ असार २० गते टेलिफोन सेवा सञ्चालनमा आएको थियो । वीरगञ्जबाट काठमाडौँसम्म नाङ्गो तार टाँगेर टेलिफोन भित्र्याइएको थियो । त्यसपछि १९७४ जेठ १ गतेदेखि भने सर्वसाधारणका लागि टेलिफोन सेवा प्रयोग गर्न पाउने व्यवस्था गरिएको थियो । २००७ सालमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले काठमाडौं, विराटनगर, भैरहवा लगायतको ठाउँबाट वायरलेस टेलिफोनको सेवा सुरु भएको थियो ।

नेपालमा पहिलोपटक कम्प्युटरको प्रयोग २०२८ सालमा भयो । तत्कालीन समयमा जनगणनाको नतिजा प्रशोधन गर्नका लागि विदेशबाट भाडामा ल्याइएको आइबीएम १४०१ नामक कम्प्युटरको प्रयोग भएको इतिहास छ । २०३२ सालमा सरकारले राष्ट्रिय कम्प्युटर केन्द«को विकास गरेर सरकारी कामकाजमा कम्प्युटरको प्रयोग बढाएको थियो । त्यसै समय ताका नेपालमा नै कम्युटर वैज्ञानिक मुनीबहादुर शाक्यले माइक्रो कम्प्युटरको विकास गरिरहेका थिए ।

पहिलोपटक २०५० सालमा मर्कन्टाइलले नेपालमा इमेल सेवा भित्र्यायो । त्यसको केही वर्षमा वल्र्डलिंकले इन्टरनेटको सुरुआत गर्दै यसको दायरा फराकिलो हुँदै गयो । २०५७ को समयमा नेपालमा मुन्चा डटकम र ठमेल डटकममार्फत अनलाइन सपिङको सुरुआत भयो । २०५९ मा कुमारी बैंकले इन्टरनेट बैकिङ र २०६१ मा लक्ष्मी बैंकले एसएमएस बैकिङ सुरु गरेर बैकिङ क्षेत्रमा डिजिटल सेवाको सुरुआत गरेका थिए । २०६० सालमा सबैको लागि जिएसएम मोवाइल सेवा खुल्ला भएपछि यसको विस्तारले रुप लियो ।

विसं २०६० मा दूरसञ्चार क्षेत्रमा निजी कम्पनी युटिएल र २०६३ सालमा मेरो मोवाइल (स्पाइस नेपाल) सुरु भएपछि दूरसञ्चार र समग्र आइसिटीको क्षेत्र फैलिदै गयो । नेपाल टेलिकमले २०६४ सालमा पहिलोपटक थ्री जी मोवाइल सेवा सञ्चालन गरेको थियो । अहिले दूरसञ्चार तथा ब्रोडव्याण्डको पहँुच ९५ प्रतिशत बढी छ । २०६६ मा ई–सेवाले डिजिटल वालेटको रुपमा सेवा दिन थाले पनि राष्ट्र बैंक पनि डिजिटल अर्थतन्त्रको लागि अग्रसर हुन थाल्यो । अहिले ३५ बढी पेमेन्ट सर्भिस प्रोभाइडर र अपरेटर सञ्चालनमा छन् । पछिल्लो समय अधिकांश सरकारी कारोबार अनलाइन प्रणालीमा जोडिएको छ ।

कम्प्युटर प्रविधिको रुपमा उदाएको यो क्षेत्र सन् २००० को समयमा आइटीको रुपमा परिचित हुन थाल्यो । इन्टरनेट र सञ्चारको सुविधा थदिदै जाँदा सामाजिक सञ्जालसँगै अन्तर्राष्ट्रिय सञ्चार र डिजिटल सेवाका प्लाटफर्महरु सहज भएपछि सूचना प्रविधि (आइटी)को दायरालाई फराकिलो बनाउँदै सूचना तथा सञ्चार प्रविधिको रुपमा ग्रहण गर्न थाल्यौँ । सरकारले सन् १९९७ मा दूरसञ्चार नियमन र २००० मा पहिलो आइटी पोलिसी सार्वजनिक गरेको थियो । डिजिटल नेपाल फ्रेमवर्क, इगभर्नेन्स मास्टरप्लान ल्याइसकको सरकारले पछिल्लो समय आइसिटी क्षेत्रका इमर्जिङ र विषयगत नीति र ऐनहरु ल्याउने तयारीमा छ ।

कम्प्युटर एसोसिएसन अफ नेपाल(क्यान)को स्थापना दिवसलाई लिएर सुरु भएको आइसिटी दिवस सरकारको तर्फबाट सन् २०१७ देखि मनाउन थालिएको हो । सरकारले आइसिटी दिवस २०२४ मनाइरहँदा विगतलाई फर्केर भविश्य सुन्दर बनाउन सूचना तथा सञ्चार प्रविधिको भूमिका खोजिरहेका छौँ । नेपाल आइसिटी विकासको सूचकाङ्कमा अझै १२०औँ स्थान पछाडि छ । के हामीले साच्चीकै विकास र समृद्धिका लागि आइसिटीलाई प्राथमिकतामा राखेका छौँ त ?

**नीतिमा उदारता, कार्यान्वयनमा सुस्तता**

सरकारले आवश्यक नीतिहरु ल्याउन त्यति कन्जुस्याइँ गरेको छैन । २०५७ मा पहिलोपटक सूचना प्रविधि नीति ल्याएको सरकारले २०७२ सालमा परिमार्जन गर्दै सूचना सञ्चार प्रविधि (आइसिटी) नीति ल्यायो । यसबीचमा दूरसञ्चार ऐन २०५३ र नियमावली २०५४ सार्वजनिक भयो । सरकारले विद्युतीय कारोबार ऐन २०६३ ल्याएर डिजिटल हस्ताक्षरको प्रयोग गर्ने, वौद्धिक सम्पत्तीको संरक्षण गर्ने र डिजिटल कारोबार व्यवस्थित गर्ने जस्ता कुराहरु समेट्यो ।

आइसिटी नीतिमा ई–कमर्स, ई–गभर्नेन्स, विद्युतीय शिक्षा, दूरस्वास्थ्य, सेवा निर्यात, आइटी पार्क, भेन्चर क्यापिटल कोषलगायत विविध पाटोलाई समेटिएको थियो । त्यसयता नेपालमा आइसिटीलाई नियमन र विकास गर्ने गरी विभिन्न कानुनहरू जारी तथा परिमार्जन भएका छन् ।

डिजिटल प्रविधिको प्रयोगबाट सेवा प्रवाह, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरी डिजिटल अर्थतन्त्र निर्माण गर्ने लक्ष्य राखेर सरकारले २०७६ सालमा फाउन्डेसन, कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, वित्त र शहरी पूर्वाधार गरी आठ वटा प्रमुख क्षेत्र र ८० पहल पहिचान गरी डिजिटल नेपाल फ्रेमवर्क जारी गरेको थियो । अहिले यसको परिमार्जनको चर्चा चलिरहेको छ ।

पाँच वर्षमा डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयन पक्ष अत्यन्त सुस्त देखियो । फ्रेमवर्कले समेटेको डिजिटल अर्थतन्त्र बाहेक अन्य क्षेत्रमा आशातित प्रगति देखिएको छैन । वल्र्ड बैंकलगायतका सस्थाहरुसँग डिजिटल नेपाल र इ–गर्भनेन्स इकोसिस्टमको लागि लिइएको अनुदान र ऋणहरुको लक्षित उपलब्धि हासिल भएका छैनन् । विश्व बैंकले ‘डिजिटल नेपाल एक्सिलेरेसन’ परियोजनाको लागि दिने भनिएको १४० मिलियन डलर ऋण सहयोग रकम फिर्ता गएको छ । पन्ध्रौं योजनामा पनि ‘गेम चेञ्जर’ परियोजनाको रूपमा समावेश गरिएको डिजिटल नेपाल फ्रेमवर्कले सुस्त कार्यान्वयनको नियति भोगिरहेको छ ।

पछिल्लो समय आइटी विधेयक ल्याउने प्रयास भइरहेको छ । इ–कमर्श, साइबर सुरक्षा, स्टार्टअप नीतिहरु आइरहेका छन । बदलिंदो परिवेश र विश्वव्यापीकरणको समयमा पछिल्ला आइरहेका नीति र विधेयक फितलो देखिएका छन् । नेपालको परिवेश सुहाउँदो तर विश्वसँग प्रतिस्पर्धा गर्न सक्ने गरी हाम्रा नीति र विधेयकहरु आउन जरुरी छ । डिजिटल नेपाल फ्रेमवर्क र एकिकृत आइसिटी नीति बनाउने चर्चा भइरहेको बेला, यसतर्फ सरकारले दूरगामी सकारात्मक प्रभाव पर्ने गरी काम गर्न जरुरी छ ।

पछिल्लो समय दूरसञ्चार क्षेत्रसँगै आइटी उद्योग पनि सङ्कट र अलमलमा देखिएको छ । पछिल्लो समय दूरसञ्चार क्षेत्रमा केही नीतिगत र व्यवस्थापनको कमजोरी कारण विभिन्न समस्याहरु देखिएका छन् । विशेषगरी केही विदेशी सफ्टवेयर कम्पनीमा करको विषयलाई लिएर भएको मुद्दाको कारण ‘इमर्जिङ सेक्टर’मा असर देखिएको छ । दूरसञ्चार क्षेत्रमा पनि कर, नवीकरण, फ्रिक्वेन्सी र स्पेक्ट्रमका विवादहरु पनि छन् । अझै पनि कानुन र नीतिले नवीनतम् प्रविधिहरु, विदेशमा हुने कारोबार र वैदेशिक लगानीलाई सहज बनाउन सकिरहेको छैन । आशा छ, मन्त्री र मन्त्रालयको सक्रियता र यसतर्फको प्राथमिकताले सहज वातावरण बन्नेछ ।

**आशा जगाउँदै निजी क्षेत्र**

नेपालको परिवेशमा अन्य क्षेत्रको तुलनामा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रले छोटो समयमा उल्लेख्य प्रगति गरेको देखिन्छ । यसको लागि निजी क्षेत्रको योगदान महत्वपूर्ण छ । सन् १९९२ मा कम्प्युटर एसोसिएसन अफ नेपालको स्थापना भएपछि निजी क्षेत्र विभिन्न तबरले क्रियाशील रह्यो । पछिल्लो समय उद्योग वाणिज्य महासङ्घ, उद्योग परिसङ्घ, च्याम्बर अफ कमर्शजस्ता संस्थाहरुले पनि आइसिटी कमिटी बनाउँदै प्राथमिकताका परियोजना र क्रियाकलापहरुमा अग्रसर छन् ।

एक वर्षअघि सुरु भएको सफ्टवेयर कम्पनीहरुको संस्था न्यास आइटीले अन्तराष्ट्रिय स्तरमा नेपाली आइटी प्रडक्टहरु विस्तार गर्न र डिजिटल इकानोमी बढाउनको लागि एकिकृतरुपमा काम गरिरहेका छन् । विदेशी सङ्घसस्था तथा विकास साझेदारीहरुले आइसिटी क्षेत्रलाई चासोको साथ प्राथमिकतामा राखेको देखिन्छ । आइसिटी फाउण्डेसन नेपाललगायतका निजी क्षेत्रका संस्थाहरु पनि डिजिटल इकोसिस्टमको विकासको लागि काम गरिरहेका छन् ।

सन् २०२२ मा नेपालले रु ६७ अर्ब बढी रकमको विदेशमा सूचना प्रविधि सेवा निर्यात गरेको सर्वाङ्गीण विकास अध्ययन केन्द्र (आइआइडीएस) को तथ्याङ्कमा देखिएको थियो । यो अघिल्लो वर्षको तुलनामा ६४ प्रतिशतले बढी हो । जिडिपीमा आइसिटी क्षेत्रको योगदान ३ प्रतिशत बढी छ । सरकारले सहजीकरण गरेमा अबको १० वर्षमा नेपालको आइटी उद्योग रु छ खर्ब बढीको बनाउन सकिने निजी क्षेत्रको दाबी छ ।

विशेषगरी नेपालमा सफ्टवेयर, बिजनेस प्रोसेस आउटसोर्सिङ, आइटी तथा डिजिटल सेवाहरु, इकमर्श क्षेत्रमा अत्यन्तै सम्भावनाहरु देखिएको छ । त्यसैगरी नेपालमा विकास गरेका उत्पादन र सर्भिसहरु अन्तर्राष्ट्रिय बजारमा विस्तार गर्ने गरी कम्पनीहरुले काम गरिरहेका छन् । उत्पादन र सेवा निर्यात गरेर नेपालले ठूलो लाभ लिनसक्ने अवस्था सिर्जना भइरहेको छ ।

नेपालमा इन्टरनेटलगायत धैरै डिजिटल सेवाहरुको सुरूआत निजी क्षेत्रबाटै भएको हो । दूरसञ्चार क्षेत्रमा निजी क्षेत्रको उपस्थितिले पारेको प्रभाव, पहुँच र उपलब्धि महत्वपूर्ण छ । पूर्वाधारहरु आफँै बनाउने बजार विस्तार गरिरहेका छन् निजी कम्पनीहरुले । विशेषतः डिजिटल पूर्वाधारको विकासमा सरकारले जसरी काम गर्नुपर्ने हो, त्यो नहुँदा यस क्षेत्रले अपेक्षित उपलब्धि हासिल नगरेको देखिन्छ ।

सरकारको मुख्य काम नै आवश्यक पूर्वाधारको विकास र नीतिगत सहजता हो । सरकारले लामो समयको दृष्टि र मार्गचित्रसहित डिजिटल पूर्वाधारको विकासमा लगानी गर्दै निजी क्षेत्रसँग बलियो सहकार्यको साथ डिजिटल अर्थतन्त्र र रुपान्तरणमा जोड दिन आवश्यक छ । स्वदेशी आइटी तथा सफ्टवेर कम्पनीलाई स्तरीकरण गर्ने, मापमण्ड तोक्ने र पारदर्शीताको साथ काम गर्नसकेमा सम्पूर्ण सरकारी र निजी क्षेत्रका सफ्टवेयर तथा डिजिटल सेवाहरुमा नेपालीहरुले काम गर्न सक्छन् । सरकारले निजी क्षेत्रलाई साथमा लिएर उद्योग विकासमा सहजीकरण गर्न कञ्जुस्याइँ गर्नु हुँदैन ।

**मानव पुँजी र सीपको विकास**

सन् १९९४ मा काठमाडौँ विश्वविद्यालयले सुरु गरेको कम्प्युटर इञ्जिनियरिङ तथा आइटी शिक्षा अहिले विस्तार भएर वर्षेनी १० हजार विद्यार्थी ग्राजुएट हुन्छन् । यसमध्ये ५० प्रतिशत बढी विद्यार्थीहरु उच्च शिक्षा र कामको लागि विदेसिरहेका छन् । पछिल्लो समय नेपालमा सफ्टवेयर तथा आइटी उद्योगमा दक्ष मानव स्रोतको अभाव देखिरहेको छ । हुन त पछिल्लो समय आइटी शिक्षाको लागि ३०० बढी कलेजहरु सञ्चालनमा छन् । विदेशी विश्वविद्यालयका ३० बढी कलेजहरु सञ्चालनमा छन् । तर केही वर्षको तथ्याङ्क हेर्ने हो भने नेपालमा अध्ययन गर्ने संस्था घट्दो क्रममा छ । यसलाई सरकारले सम्बोधन गदै गुणस्तरीय र सीपमूलक सूचना प्रविधि शिक्षाको विकासमा जोड दिनुपर्छ । अन्तर्राष्ट्रिय स्तरको सूचना प्रविधि विश्वविद्यालय, रिसर्च र इन्कुवेसन सेन्टरहरु आवश्यक देखिएको छ ।

विश्वविद्यालय स्तरदेखि नै स्टार्टअप र इनोभेसनलाई प्रवद्धन गर्ने गरी कानुन र सहयोग अत्यन्त जरुरी छ । फिनिसिङ स्कुल रुपमा ट्रेनिङ सेन्टरहरु र डिजिटल साक्षरताको लागि विद्यालयस्तरदेखि नै कोर्सहरु विकास गर्न आवश्यक छ । विदेसिएका जनशक्तिले सिकेको सीपलाई अब देशको विकास निर्माणमा उपयोग गर्नुपर्छ । अब ‘ब्रेन ड्रेन’ होइन ‘ब्रेन गेन’को अवधारणामा हामी अगाडि बढ्नुपर्छ ।

**डिजिटल क्षमता र नेतृत्वको विकास गरौँ**

सरकारले जनतालाई प्रदान गर्ने सेवाहरु प्रविधिमैत्री बनाउने प्रयास गरिरहेको छ । अधिकांश संस्थाहरुमा केही न केही किसिमले प्रविधिको प्रयोग भइरहेको छ । यसको लागि तत्कालीन उच्चस्तरीय सूचना प्रविधि आयोगदेखि अहिले विद्युतीय सुशासन आयोग सञ्चालनमा छ । सूचना प्रविधि विभाग र राष्ट्रिय सूचना प्रविधि केन्द्रले पनि काम गरिरहेका छन् । पछिल्लो समय राष्ट्रिय साइबर सुरक्षा केन्द्र र एकिकृत डेटा सेन्टरको परिकल्पना भएको छ ।

संरचनात्मक रुपमा सरकारले काम गर्न खोजे पनि सरकारले अझै पनि डिजिटल सुशासनको सही अभ्यास गराउन सकेको छैन । सरकारी संरचनाहरु भत्काउने र नयाँ बनाउने जस्तो देखिएको छ । तर पनि अपेक्षित उपलब्धि देखिएको छैन । सरकारी निकाय र मन्त्रालयहरुबीचको संयोजन र सहकार्य नहुँदा डिजिटल रुपान्तरण सहज छैन । स्थानीय, प्रदेश र सङ्घीय सरकारबीचको समन्वयको अभाव र प्रणालीहरु एकीकृत नहुँदा यस क्षेत्रको लगानी बालुवामा पानी जस्तो देखिन्छ ।

तर सरकारी सेवामा सकारात्मक अभ्यास र प्रयासहरु पनि भइरहेका छन् । कम्पनी दर्ता, कर प्रणाली, मालपोत, लोक सेवा, नेपाल प्रहरी, इ–पासपोर्ट, सवारी चालक अनुमतीपत्रलगायतका सेवाहरु अनलाइन प्रणालीमा आवद्ध छन् । नागरिक एपले एउटै प्लाटफर्मले सेवा दिने प्रयास गरेको छ । अन्य पब्लिक सर्भिसमा पनि सूचना प्रविधिको प्रयोग भइरहेको छ तर सेवाहरु अझै स्तरीकरण गर्ने, सर्भर र डेटा सेन्टरको क्षमता बढाउने, साइबर सुरक्षालाई मजबुद बनाउन काम गर्नु पर्नेछ । सरकारी सम्पूर्ण सेवाहरु एउटै प्लाटफर्मबाट एकद्वार नीतिअन्तर्गत काम गर्न सकेमा सेवाग्राहीलाई सहजता र कम खर्चिलो हुनेछ । अनियमितता र भ्रष्टाचार कम गर्न पनि डिजिटल सेवाको प्रभावकारितालाई बढाउन आवश्यक छ ।

साइबर सुरक्षा र अन्य सेवाहरु चुस्तदुरुस्त राख्न सरकारले दक्ष जनशक्तिलाई सरकारी सेवा र सुविधामा ल्याउनु पर्दछ । डिजिटल लिडरसीप र डिजिटल क्षमताको विकास महत्वपूर्ण छ । समग्ररुपमा सरकारले डिजिटल क्षमताको विकास गर्दै सर्वसाधारणलाई विश्वासको वातावरण बनाउनुपर्छ । प्रविधिको शक्तिलाई विश्वास गरौँ ।

# संसद अधिवेशन आह्वान

**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेका छन् । बिहीबार नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम नेपाल सरकार तथा मन्त्रिपरिषद्को सिफारिसमा दुवै सदनको अधिवेशन आह्वान गरेका हुन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को बिहीबारको बैठकले यही वैशाख २८ गते सङ्घीय संसद्को दुवै सदनको अधिवेशन आह्वान गर्न राष्ट्रपतिलाई सिफारिस गर्ने निर्णय गरेको थियो ।

राष्ट्रपति पौडेलले वैशाख २८ गते शुक्रबार दिउँसो २ बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरमा बस्नेगरी अधिवेशन आह्वान गरेका हुन् । सरकारको सिफारिसमा राष्ट्रपतिले संसद अधिवेशन आह्वान र अन्त्य गर्ने संवैधानिक व्यवस्था छ । सोही व्यवस्था अनुसार सरकारको सिफारिसमा राष्ट्रपति पौडेलले वैशाख २ गते आइतबार राति १२ बजेदेखि लागु हुनेगरी संघीय संसदको दुवै सदनको अधिवेशन अन्त्य गरेका थिए ।

त्यतिबेला प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सहकारी प्रकरणमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने जोडिएकाले संसदीय छानबिन समितिको माग गर्दै आएको थियो । कांग्रेसले पर्याप्त समय हुँदाहुँदै सरकारले चालु अधिवेशन अन्त्य गर्न सिफारिस गरेकोमा विरोध गरेको थियो ।

# फरक ढंगको विकासको अभ्यासमा छौँः मुख्यमन्त्री



**रासस**
**झापा ।**
कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रदेश सरकार फरक ढङ्को विकासको अभ्यास गर्न लागिपरेको बताएका छन् । झापाको शिवसताक्षी नगरपालिका–६ वडा कार्यालयको नवनिर्मित भवन उद्घाटन तथा जग्गादातालाई सम्मान गर्दै उनले कोशी प्रदेश सरकार विकासका काममा अग्रसर भएको उल्लेख गरे । भौतिक पूर्वाधारको विकासलाई मात्रै विकास ठान्ने परिपाटीले समाजमा समस्या उत्पन्न भएको मुख्यमन्त्री कार्कीले बताए । उनले भने, 'मानवीय संवेदना र सामाजिक मूल्य मान्यतासहितको विकासमा हामी निकै पछिपरेका छौँ, यसतर्फ प्रदेश सरकार गम्भीर छ ।'

मुख्यमन्त्री कार्कीले प्रदेश सरकारले सुरु गरेको बालबालिकाको निःशुल्क उपचारसम्बन्धी कार्यक्रम प्रभावकारी बन्दै गएको बताए । उनले भने, 'हरेक पालिकामा दक्ष जनशक्ति उत्पादन गर्न प्राविधिक विषयको पढाइमा अनुदान दिने कार्यक्रम अघि बढाएका छौँ, हात्ती प्रभावित क्षेत्रमा लगाइने कृषि बालीको बीमा गरेका छौँ, यसका लागि थप बजेट ल्याउने प्रदेश सरकारको तयारी छ ।' कागजी दस्तावेज मिलाएर त्यसैका आधारमा सरकारको अनुदान दुरुपयोग गर्ने अभ्यासले समग्र व्यवस्थाप्रतिनै निराशा पैदा गराइरहेको उल्लेख गर्दै मुख्यमन्त्री कार्कीले भ्रष्टाचारमा सहयोग पुग्ने खालका कार्यक्रमलाई प्रदेश सरकारले निस्तेज गर्ने स्पष्ट पारे ।

सो अवसरमा उनले वडा कार्यालयका लागि जग्गादान गर्नुहुने जग्गादाता सुरज राजवंशी, दुर्गाप्रसाद गुरागाईं, चन्द्रमणि पौडेल र देवनारायण भण्डारीलाई सम्मान गरेका थिए । दाताहरूले संयुक्तरूपमा ११ कठ्ठा जमिन निःशुल्क उपलव्ध गराएका छन् । वडा कार्यालय लामोसमयदेखि भाडाको घरमा सञ्चालन हुँदै आएको थियो । वडाले आफ्नै भवन तयार गरेपछि दैनिक कार्यसञ्चालनमा सेवाग्राहीलाई सुविधा पुग्ने शिवसताक्षी–६ का वडाध्यक्ष मनोज खुलालले बताए । कार्यक्रममा शिवसताक्षी नगरपालिकाकी उपप्रमुख नरमाया कार्की, कांग्रेस झापाका सभापति देउकुमार थेवेलगायतले आ–आफ्नो धारणा राखेका थिए ।

# प्रतिस्पर्धात्मक जनशक्ति उत्पादनमा जोड

**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले योग्यताक्रमका आधारमा विश्वविद्यालयका उपकुलपति नियुक्ति गरिएको बताएका छन् । हालै नियुक्त हुनुभएका पूर्वाञ्चल, मध्यपश्चिम र सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपतिहरूले बिहीबार सिंहदरबारमा गरेको भेटका क्रममा प्रधानमन्त्री दाहालले आफूले उपकुलपति नियुक्ति प्रक्रियालाई पारदर्शी एवं प्रतिस्पर्धात्मक बनाएको बताएका हुन् ।

पूर्वाञ्चल विश्वविद्यालयका नवनियुक्त उपकुलपति प्रा डा विजुकुमार थपलिया, मध्यपश्चिम विश्वविद्यालयका नवनियुक्त उपकुलपति प्रा डा ध्रुवकुमार गौतम र सुदूरपश्चिम विश्वविद्यालयका नवनियुक्त उपकुलपति प्रा डा हेमराज पन्तले बिहीबार नियुक्तिपत्र बुझेसँगै प्रधानमन्त्री एवं कुलपति दाहाललाई भेट गरेका हुन् । सो अवसरमा प्रधानमन्त्री दाहालले विश्वविद्यालयलाई प्रतिस्पर्धी एवं पारदर्शी तवरले सञ्चालन गर्न निर्देशन दिए । 'विश्वविद्यालयको उपकुलपति नियुक्तिमा दलीय भागवण्डाको अन्त्य गरी प्रतिस्पर्धाका आधार जिम्मेवारी दिन सुरु गरिएको छ' प्रधानमन्त्री दाहालले भने, 'यहाँहरूको नियुक्ति पनि सोहीअनुसार भएको हो, आ–आफ्ना जिम्मेवारी निष्पक्ष तवरले पूरा गर्नुहोला ।' प्रधानमन्त्री दाहालले विश्वविद्यालयबाट गुणस्तरीय शिक्षा प्रदान गरी विश्वबजारमा प्रतिस्पर्धा गर्ने जनशक्ति उत्पादनमा केन्द्रित हुन उपकुलपतिहरूलाई निर्देशन दिए ।

# 'प्रदेशसभाको विशेषाधिकारको हनन भयो'

**रासस**
**विराटनगर ।**
कोसी प्रदेशसभा नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारीले कोसी प्रदेशसभामा बहुमतले पारित सङ्कल्प प्रस्तावमा कोसी प्रदेशका मुख्य न्यायाधिवक्ताले गरेको टिप्पणी र पेस गरेको रायले प्रदेशसभाको विशेषाधिकारको हनन भएको बताएका छन् । सङ्कल्प प्रस्तावप्रति मुख्य न्यायाधिवक्ताले मुख्यमन्त्री केदार कार्कीकातर्फबाट पेस गरेको राय नेपालको संविधानको धारा १८७ को उपधारा २ बमोजिमसभाको विशेषाधिकार हनन भएको उनको दाबी छ ।

कोसी प्रदेशसभा सचिवालयको सभाहलमा संसदीय पत्रकार मञ्चसँग बिहीबार भएको भेटघाटमा उनले भने, 'गत चैत २६ गते नेकपा एमाले र नेकपा (माओवादी केन्द्र)ले दलगत दिएको विश्वासको मत फिर्ता लिइसकेपछि वैशाख ३ गते कोसी प्रदेशसभामा दर्ता भएको सङ्कल्प प्रस्ताव वैशाख ७ गते बहुमतले पारित भएपछि उहाँले विश्वासको मत लिनुपर्ने नभए मार्ग प्रशस्त गर्नुपर्ने हाम्रो ठहर हो ।'

सभामुख अम्बरबहादुर विष्टले पनि ३० दिनभित्र विश्वासको मत लिन दिएको निर्देशन नमान्नु पनि न्यायोचित नभएको उनको भनाइ छ ।

उनले मुख्यमन्त्री कार्कीले आगामी वैशाख २५ गतेभित्र विश्वासको मत नलिएमा नयाँ सरकार बन्ने प्रक्रिया सुरु हुने धारणा राखे ।

# सरकारले गरिबी निवारणमा जोड दिनुपर्छः ओली



**रासस**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सरकारले गरिबी निवारणमा विशेष जोड दिनुपर्ने बताएका छन् । भूमि अधिकार तथा श्रमिक सङ्गठन नेपालले बिहीबार काठमाडौँमा आयोजना गरेको 'महिला सशक्तीकरण सांस्कृतिक तथा व्यापार महोत्सव' को उद्घाटन गर्दै उनले सरकारले जनताको आवास र आम्दानीको स्थितिलाई सुदृढ र सुनिश्चित गर्दै गरिबी निवारणमा जोड दिनुपर्ने बताए ।

उनले हरेक मानिसले हावाहुरी, हिउँद, बादल र गर्मीजस्ता समस्याबाट बच्नका लागि सुरक्षित आभाव र आधुनिक सुविधा हुनुपर्नेमा बताए । अहिले पनि जनताले पौष्टिक र सन्तुलित आहार, सर्बसुलभ गुणस्तरिय शिक्षा, सहज र गुणस्तरीय उपचारजस्ता आधारभूत आवश्यकताका लागि लड्नुपरेको भन्दै यी आधारभूत आवश्यकता पूरा गर्नसक्ने गरि आम्दानीवृद्धि हुनुपर्ने उनको भनाइ थियो । 'म पहिलो पटक प्रधानमन्त्री हुँदा नेपालजस्तो देशमा अब भोकले कोही पनि नमरून भनेर अभियान सुरुगरेको थिए । मलाई हटाइएपछि त्यो अभियान रोकियो । अर्को पल्ट प्रधानमन्त्री हुँदा फेरि त्यसलाई अगाडि बढाए' उनले भने, 'त्यसकारण देश र जनताले भोगेका समस्याप्रति जिम्मेवार हुन सबैलाई आग्रह गर्दछु ।'

पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष ओलीले सुकुम्बासीका बस्ती बनाउने अभियान सञ्चालन गरेर उपत्यकाका सुकुम्बासीलाई व्यवस्थापन गर्नुपर्ने बताए । उनले भने, 'सुकुम्बासीको समस्या समाधान गर्नुपर्दछ ।

तीनै तहका सरकारले नागरिकको गास, बास, खान पाउने अधिकारप्रति उत्तरदायी हुनुपर्दछ ।' उनले पार्टी जनताको काम गर्न उद्देश्यसहित आफ्नो पार्टी सरकारमा गएकाले जनताको पक्षमा काम गर्ने प्रयास अगाडि बढाइरहेको बताए । सङ्गठनका अध्यक्ष शान्ता चौधरीले सरकारले सुकुम्बासी समस्या समाधान गर्नुपर्नेमा जोड दिइन् ।

# दैनिक पाँच हजार लाइसेन्स छपाइ भइरहेका छन्ः मन्त्री



**रासस**
**काठमाडौँ ।**
सरकारले सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरणलाई चुस्त र प्रभावकारी बनाउने भएको छ । उपप्रधानमन्त्री एवम् भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठलेले हालको लाइसेन्स वितरण कार्यलाई थप प्रभावकारी बनाउन लागिएको बताए । प्रतिनिधिसभाअन्तर्गतको पूर्वाधार विकास समितिको बिहीबारको बैठकमा उनले लाइसेन्स वितरणलाई प्रभावकारी बनाउन दैनिक पाँच हजारसम्म लाइसेन्स छपाइ भइरहेका जानकारी दिए । 'अहिले सबैभन्दा ठूलो समस्या लाइसेन्सको छ । विभिन्न कारणले लाइसेन्स छपाइ बन्द थियो । करिब एक महिनादेखि भने दैनिक पाँच हजारसम्म लाइसेन्स छपाइ भइरहेका छन्, यसलाई अझ प्रभावकारी बनाउन निर्देशन दिइएको छ' उपप्रधानमन्त्री महासेठले भने ।

लाइसेन्स वितरणलाई प्रभावकारी बनाउन ग्लोबल बोलपत्र आह्वान गरेर नयाँ प्रविधि थपेर छपाइ र वितरणलाई तीव्रता दिने बताउँदै महासेठले अहिलेकै गतिमा छपाइको काम भए एक वर्षभित्र कामले पूर्णता पाउने बताए । त्यसैगरी उनले राष्ट्रिय राजमार्गको मर्मत र स्तरोन्नतीको कामलाई परिणाममुखी बनाइने तथा राष्ट्रिय गौरबका आयोजनालाई थप गतिशील बनाउन योजनाबद्ध रूपमा काम अगाडि बढाइएको जानकारी दिए ।

**५० अर्ब भुक्तानी दायित्व**

उपप्रधानमन्त्री महासेठले निर्माण व्यवसायीको झण्डै ५० अर्ब रुपैयाँ भुक्तानी दायित्व बाँकी रहे पनि हाल आन्तरिक रूपमा केही व्यवस्थापन गरेर निर्माणका काम भइरहेका बताए । उनले आगामी आर्थिक वर्षको बजेटमा निर्वाचन क्षेत्र रणनीतिक सडकलाई विशेष प्राथमिकता दिने, कतिपय सडकलाई यस वर्ष सम्पन्न गर्ने र सम्भव नभए एक सय ६५ सडक अर्को वर्ष प्राथमिकता राखेर अगाडि बढाइन बताए । यस्तै उत्तर–दक्षिण सडक निर्माणको काम चाँडो गर्नेगरी लागिपरेको र कर्णाली र सुदूरपश्चिम प्रदेशको सडक, कर्णाली करिडोर, भेरी करिडोलगायतलाई विशेष प्राथमिकता दिने अगाडि बढाइने उनको भनाइ थियो ।

मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले पनि निर्वाचन क्षेत्र विशेष रणनीतिक सडकलाई प्राथमिकताका साथ अगाडि बढाइने बताए । उनका अनुसार नेपाल सरकारले स्वीकृत गरेका राष्ट्रिय राजमार्ग ८० वटा छन् । तिनको नियमित मर्मतसम्भारको काम भइरहेको छ । हरेक पाँच वर्षमा सडक 'ओभरले र रिफिलिङ' गरिँदैआएको छ । सचिव सिग्देलका अनुसार राष्ट्रिय गौरवका आयोजनाअन्तर्गत पुष्पलाल मध्यपहाडी राजमार्ग, हुलाकी राजमार्ग, उत्तर–दक्षिण राजमार्गको कामलाई पनि नियमित भइरहेको छ । जसमध्ये पुष्पलाल मध्यपहाडी राजमार्गको भौतिक प्रगति ८० प्रतिशत भौतिक प्रगति भएको छ भने आयोजनामा हालसम्म ६७ अर्ब रुपैयाँ खर्च भइसकेको छ । करिब एक हजार आठ सय किलोमिटर सडक निर्माण गर्नुपर्नेछ । यस्तै, हुलकाकी राजमार्ग एक हजार सात सय ९८ किलोमिटर सडक निर्माणकार्य भइरहेको छ । आयोजनाको समग्र भौतिक प्रगति ६५ प्रतिशत रहेको छ । उत्तर–दक्षिण सडक निर्माणको काम विभिन्न समस्याका कारण प्रभावकारी बनाउन नसकिएको सचिव सिग्देलले बताए ।

समितिका सभापति दीपकबहादुर सिंहले महाकाली करिडोर सडकलाई प्राथमिकताका साथ अगाडि बढाउन भौतिक मन्त्रालयलाई निर्देशन दिए । बैठकमा सांसदहरुले सडकमर्मत, स्तरोन्नती र गुणस्तरीय निर्माण ध्यान दिन आग्रह गरे । साथै उनीहरुले सडक निर्माणले गति नलिँदा धुँवाधुलोले जनजीवन प्रभावित बनिरहेको भन्दै सरोकारवालाको ध्यानाकर्षण गराए ।

# कैद मिनाहा माफीमा विभेद हुनुहुँदैनः मन्त्री



**रासस**
**नेपालगञ्ज ।**
उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले कैदीबन्दीको कैद मिनाहा माफीमा कुनै किसिमको विभेद हुन नहुने बताएका छन् । बाँकेको बैजनाथ गाउँपालिका–३ नौबस्ता कारागारको बिहीबार उद्घाटन गर्दै गृहमन्त्री लामिछानेले कैदीबन्दीले माफी मिनाहा पाउने कुरा उनीहरूको अधिकारको विषय भएको उल्लेख गरे ।

'कैदीबन्दीको कैद मिनाहा माफीमा राजनीतिक दबाब र आर्थिक चलखेलको गुनासो आइरहेको छ', उनले भने । कारागारमा कैदी जीवन बिताएका कैदीबन्दीलाई समाजमा पुनःस्थापना गर्न आवश्यक भएकामा जोड दिँदै गृहमन्त्री लामिछानेले कारागारलाई यातना गृहका रूपमा नभई सुधार गृहका रूपमा रुपान्तरण गराउन जरुरी भएको औंल्याए ।

'कारागारमा जेल जीवन बिताइरहेका कैदीबन्दीले आफूले गरेको अपराधको सजायभन्दा अन्य थप कुनै पनि सजाय पाउनु हुँदैन' उनले भने । अपराधीले अपराध गरेको भन्दा थप सजाय दिइएमा त्यो अर्को अपराध हुने उल्लेख गर्दै गृहमन्त्री लामिछानेले कारागारलाई सुधारगृहका रूपमा रुपान्तरण गर्न मन्त्रालाय लागिपरेको बताए । गृहमन्त्री लामिछानेले कैदीबन्दीले आफ्नो सजाय भोगिसकेर समाजमा फर्केर जाँदा अझै पनि समाजले स्वीकार गर्न नसकेको उल्लेख गर्दै पारिवारिक तथा सामाजिक जीवन बिताउन परिवार र समाज सचेत हुनुपर्नेमा जोड दिए । 'आवाज र पहुँचका आधारमा होइन, असल आचरण र कानुनले तोकेको मापदण्ड पूरा गरेको जोसुकै कैदीबन्दी नियमानुसार छुट्नुपर्छ' उनले भने । गृहमन्त्री लामिछानेले कारागारमा अत्यधिक बल प्रयोग गर्ने गतिविधि नगर्न, अमानवीय गतिविधि नगर्न र आपराधिक क्रियाकलाप नहोस् भन्नेमा सरकार सचेत रहेको उल्लेख गरे ।

लुम्बिनी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री दिनेश पन्थीले प्रदेशमा लागेको डढेलो नियन्त्रण गर्न कदम चाल्न सङ्घीय गृह मन्त्रालयको ध्यानाकर्षण गराए । लुम्बिनी प्रदेश सरकारका समाजिक विकासमन्त्री रत्न खत्री, कारागार व्यवस्था विभागका महानिर्देशक काशीराज दाहालगायतले कारागार सुधारका विषयमा आफ्नो धारणा राखेका थिए । विसं २०७९ मङ्सिरमा निर्माण गरिएको बाँकेको नौबस्ता कारागारमा हाल एक सय ३० कैदीबन्दी छन् । तीन हजार कैदीबन्दी राख्ने क्षमताको उक्त कारागारमा हाल करिब एक हजार कैदीबन्दी अट्न मिल्ने पहिलो चरणको काम सम्पन्न भएको छ । कारागारको दोस्रो र तेस्रो चरणको काम अझै बाँकी छ ।

# आधा दर्जन बैंक कारबाहीमा




**मधेशदृष्टि**
**वीरगंज ।**
बैंक तथा वित्तीय संस्थको नियामक नेपाल राष्ट्र बैंकले आधा दर्जन बैंकलाई कारबाही गरेको छ । कारबाहीमा पर्नेमा ४ वटा वाणिज्य बैंक र २ वटा विकास बैंक रहेका छन् । प्राइम कमर्सियल बैंकलाई कर्जा सापटको वर्गीकरण नगरेको, कर्जा नोक्सानी वापत व्यवस्था गर्नुपर्ने रकमको व्यवस्था नगरेको, जोखिम भारित सम्पत्ति गण्ना गर्दा वास्तविक भन्दा कम गरेको भन्दै प्राइम कमर्सियल बैंकलाई नसिहत दिइएको छ । नीति निर्देशनको पालना भए÷नभएको अनुगमन नगरेको भन्दै सञ्चालकलाई पनि सचेत गराइएको छ । अर्को कुमारी बैंकलाई पनि कारबाही गरिएको छ । कारबाही गर्नुको कारण कर्जा सापटको वर्गीकरण नगरेको, सहुलियतपूर्ण कर्जामा नियमविपरीत ब्याज अनुदान दिएको भन्दै सिईओ र बैंक सञ्चालकलाई सचेत गराएको छ । यस्तै, सिईओको तलबभत्ता नियमले तोकेको भन्दा बढी दिइएको र कार्यसम्पादन नै नगरेको १३ महिना १६ दिनको भनि २ करोड ३ लाख भुक्तानी दिने निर्णय गरेको भन्दै सञ्चालकलाई सचेत गराएको छ साथै सो रकम ३५ दिन भित्र भरपाइ गर्न भनिएको छ । नेपाल इन्भेष्टमेन्ट मेगा बैंक सिईओलाई समेत सचेत गराइएको छ । बैंकको कमलादी शाखाले खोलेको प्रतितपत्र बैंककै कालिमाटी शाखाले ‘कन्फर्म’ गरी प्रतितपत्र अनुसार भएको कारोबारमा ४१ करोड ३६ लाख प्राथमिक नोट जारी गरि ‘बेनिफिसरी विल’ खरिद गरी कर्जा सापटमा देखाएको र सो प्रतितपत्रको समय बारम्बार थप गरी सो कर्जालाई २०७९ चैत्र मसान्तसम्म एभरग्रिन गरी असल कर्जाकै रुपमा देखाएको पाइएको छ । लक्ष्मी सनराइज बैंक लिमिटेड (साविक लक्ष्मी बैंक लिमिटेड) को १ प्रतिशतभन्दा बढी शेयर धारण गरेका संस्थापक शेयरधनी राजेन्द्र कुमार खेतानले सोही बैंकको ऋणी पंकज झुनझुनवालालाई प्रवाह गरेको १२ करोड कर्जा मध्ये ११ करोड ४४ लाख रकम आफ्नो खातामा ट्रान्सफर गरी÷गराइ उपयोग गरेको देखिएको छ । उक्त कर्जाको ब्याजसमेत खेतानको खाताबाट ट्रान्सफर गरी भुक्तानी भएको केन्द्रीय बैंकले भनेको छ । राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थालाई जारी एकीकृत निर्देशन, २०८० को इ.प्रा. निर्देशन नं ६÷८० को बुँदा ८ (ख) मा भएको व्यवस्था उल्लंघन भएको देखिन आएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) बमोजिम राजेन्द्र कुमार खेतानलाई १० लाख जरिवाना गरिएको छ । साथै, लक्ष्मी सनराइज बैंक (साविक लक्ष्मी बैंक लि.) बाट प्रवाह भएको कर्जा बैंकका शेयरधनीको खातामा ट्रान्सफर भएको देखिएको र बैंकले समयमा नै उक्त कर्जाको सदुपयोगिता अनुगमन नगरेकोले उक्त कर्जा स्वीकृतिमा संलग्न बैंकका प्रमुख कार्यकारी अधिकृतलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) (क) बमोजिम सचेत गराइएको छ । यस्तै, लुम्बिनी विकास बैंकलाई पनि वित्तीय संस्थामा ग्राहक पहिचान तथा सम्पुष्टि पर्याप्त मात्रामा हुन नसकेको र शंकास्पद कारोवार तथा गतिविधि पहिचान गर्ने प्रणाली पूर्ण रुपमा लागू हुन नसकेको (आंशिक कार्यान्वयनको स्थितिमा रहेको) पाइएको छ । सोही कारण लुम्बिनी विकास बैंकलाई नेपाल राष्ट्र बैक ऐन, २०५८ को दफा १०० को बुँदा नं.१(क) र बंैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९९ को बुँदा नं. १ (क) बमोजिम सचेत गराइएको छ । एक्सेल डेभलपमेन्ट बैंकलाई केन्द्रिय बैंकबाट इजाजतप्राप्त ‘क’, ‘ख’ र ‘ग’ वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन, २०८० को इ.प्रा.निर्देशन नं. १९ को बुँदा न.२(४) र २(८) को पूर्ण परिपालना भएको नदेखिएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को बुँदा न.१(क) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९९ को बुँदा न. १(क) बमोजिम सचेत गराइएको छ ।

# जोखिम नमोली परिणाम प्राप्त हुँदैनः अर्थमन्त्री



**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्षको बजेटलाई वस्तुनिष्ठ र समयसापेक्ष बनाउनका लागि पूर्वप्रशासक र अर्थ क्षेत्रका जानकारहरूको सहयोग जरुरी रहेको बताएका छन् । मन्त्री पुनले पूर्वअर्थसचिव, नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसँग बजेटका सन्दर्भमा सुझाव लिएको उनको सचिवालयले जनाएको छ । छलफलका सहभागीले यथार्थपरक र कार्यान्वयन हुनसक्ने बजेट ल्याउन सुझाए । पुँजीगत खर्च बढाउनुपर्ने र साधारण खर्च घटाउन, आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धनको नीति अख्तियार गर्न सुझाव दिएका थिए । यस्तै प्रदेश र स्थानीय तहको क्षेत्रमा पर्ने साना आयोजनामा बजेट विनियोजन नगर्न, सहकारी समस्या समाधान गर्न, बजेट खर्च गर्ने निकायको संरचनागत सुधार गर्नुपर्ने उनीहरुको कथन थियो । त्यस्तै सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी सङ्घीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन, चालु ठूला आयोजनाका काम सम्पन्न गर्न, वैदेशिक सहायता वृद्धि गर्न, तथा कर्मचारी संयन्त्रको मनोबल उकास्न सुझाव दिए । छलफलमा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षहरु डा पुष्पराज कँडेल, डा दिनेशचन्द्र देवकोटा, दीपेन्द्रबहादुर क्षेत्री, नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रपुरुष ढकाल, पूर्वमुख्यसचिव विमल कोइराला, पूर्वअर्थसचिवहरू कृष्णहरि बाँस्कोटा, सुमन शर्मा, शङ्कर अधिकारी, राजन खनाल, रामशरण पुडासैनीलगायत सहभागी थिए । पूर्वप्रशासक र विज्ञको सुझाव लिएपछि अर्थमन्त्री पुनले आर्थिक शिथिलताबाट मुलुकलाई कसरी माथि उठाउने भन्नेबारे सरकार, राजनीतिक दल, निजी क्षेत्र, प्रशासन संयन्त्र र अर्थ क्षेत्रका विज्ञहरु क्रियाशील र चिन्तित भएको रहेको बताए । ‘आर्थिक शिथिलताबाट मुलुकलाई कसरी माथि उठाउने भन्ने विषयमा सिङ्गो देश नै एक ढिक्का छ र चिन्तित पनि छ । यो धेरै सकारात्मक कुरा हो’, मन्त्री पुनले भने । उनले गत वर्षको तुलनामा अर्थतन्त्रका धेरै सूचकमा सुधार देखिए पनि केही क्षेत्रमा अझै सुधारको खाँचो रहेको बताए । उनले सरकारको वित्तीय नीति र राष्ट्र बैंकले जारी गर्ने मौद्रिक नीतिमा तालमेल मिलाएर काम गर्नुपर्ने उल्लेख गरे । अर्थतन्त्रमा सङ्कट हुँदा गरिएका कडाइहरूमा विस्तारै खुकुलो जानुपर्ने भन्दै मन्त्री पुनले त्यसबारे राष्ट्र बैंकसँग छलफल भइरहेको जानकारी दिए । निजी क्षेत्र र प्रशासन संयन्त्रको कमजोर मनोबल उठाउने गरी सरकार अघि बढेको उनको भनाइ थियो । ‘निजी क्षेत्र र प्रशासन संयन्त्रको मनोबल कमजोर छ’, उनले भने, ‘राजनीतिक नेतृत्वले मुलुकको विकासमा गति पैदा गर्न जोखिम मोल्नुपर्ने अवस्था आएको छ ।’ मन्त्री पुनले काम गर्नेले सबैतिर जवाफ दिनुपर्ने र कामै गर्नेहरु लोकप्रिय हुने अवस्था आउनु चिन्ताजनक भएको बताए । काम गर्दा असल नियत राखेको होला वा विवेक प्रयोग गरेको होला भन्नेबाट भन्दा फत्याइँ गरेको होला भन्ने कोणबाट सोच्ने प्रवृत्ति समाजमा संस्थागत हुन खोजेको उनले स्पष्ट पारे । ‘कसैले न कसैले आँट नगरी यही अवस्थामा देशको विकासले गति लिन सक्दैन । राजनीतिक वा प्रशासनिक नेतृत्वमा बस्नेहरु जसले काम गर्दैन त्यो ठीक र लोकप्रिय, जसले काम गर्यो त्यसले जवाफ दिनुपर्ने जस्तो सोच समाजमा हाबी हुन थालेको छ’, उनले भने, ‘काम गर्दा मानिसले विवेक प्रयोग गर्छ, असल नियतले गर्छ भन्ने पनि सोच्नुपर्छ । सबैतिर अविश्वासको वातावरण छ । सबै लोक रिझ्याइँको पछि लागेर हुँदैन । मुलुक बनाउने हो भने यो अवस्था हटाउनुपर्छ ।’ राजनीतिक र प्रशासनिक नेतृवले कामका लागि आँट गर्नुपर्ने र त्यसमा समाजका अरु पक्षले साथ दिनुपर्ने उनले बताए । ‘सबैले एकपटक आँट गर्नुपर्ने भएको छ । राजनीतिक कोर्षभित्रै रहेर काम गर्ने शैलीमा परिवर्तन गर्नुपर्ने भएको छ । सबैले सबैलाई शङ्का गर्ने र कसैले केही पनि गर्नुनपर्ने जस्तो भइरहेको छ’, उनले भने । फरक प्रसङ्गमा मन्त्री पुनले विकासका संरचना बनाउँदा आर्थिक क्षेत्र, कृषि र बजारको व्यवस्थासमेत गर्नुपर्ने महसुस गरिएको बताए । ‘हामीले मध्यपहाडी राजमार्ग बनायौँ तर बजार र आर्थिक कार्यक्रम बनाएनौँ । उत्पादनको क्षेत्र बनाएनौँ । पूर्वपश्चिम हुलाकी राजमार्ग छ, तर सबैभन्दा गरिबी त्यसकै आसपासमा छ’, उनले भने, ‘विकासका संरचना निर्माण गर्दा आर्थिक कार्यक्रम नबनाउँदा त्यस्तो भयो ।’ मन्त्री पुनले उच्चस्तरीय कर सुधार सुझाव आयोगको प्रतिवेदन अध्ययन क्रममा रहेको र आयोगका सुझावका आधारमा बजेटमार्फत सुधारका कार्यक्रम ल्याउने पनि उल्लेख गरे । सरकारले लगानी सम्मेलनमा अध्यादेशमार्फत ऐन संशोधन गरेर लगानी वातावरण बनाएको चर्चा गर्दै उनले अर्थतन्त्रको ९० प्रतिशत हिस्सा धान्दै आएको निजी क्षेत्रको मनोबल उठाउन सरकार प्रयासरत रहेको बताए । ‘लगानी गर्ने, रोजगारी सिर्जना गर्ने काम निजी क्षेत्रको हो’, उनले भने, ‘सरकारले त सहजीकरण गर्ने, नीतिगत सुधार गर्ने र प्लेटफर्म दिने हो ।’

# नेपालविरुद्ध वेस्ट इन्डिज ‘ए’ लाई शृंखला




**मधेशदृष्टि**
**वीरगंज ।**
वेस्ट इन्डिज ‘ए’ ले नेपालविरुद्धको ट्वान्टी २० शृंखला आफ्नो पक्षमा पारेको
छ ।
कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीबार सम्पन्न खेलमा २८ रनको जित निकालेको हो । जितसँगै वेस्ट इन्डिज पाँच खेलको शृंखलामा ३–१ ले अगाडि बढेको छ । यसअघि नेपाल चार विकेट तथा वेस्ट इन्डिज १० र ७६ रनले विजयी भएका थिए । वेस्ट इन्डिजले प्रस्तुत गरेको २१० रनको लक्ष्य पछ्याएको नेपालले २० ओभरमा सबै विकेट गुमाउँदै १८१ रन बनायो । नेपालका लागि कप्तान रोहितकुमार पौडेलले ८२, गुल्सन झा, सन्दीप जोरा र दीपेन्द्रसिंह ऐरीले समान १९ रन तथा अभिनाश बोहराले अविजित १७ रन बनाए । वेस्ट इन्डिजका लागि म्याथ्यु फोर्ड र हाइडेन वाल्सले समान तीन तथा फाबियन एलन र गुडाकेश मोतीले समान दुई विकेट लिए । पहिलो ओभरको दोस्रो बलमा म्याथ्यु फोर्डले ओपनर आसिफ शेखलाई रनको खाता पनि खोल्न नपाई बोल्ड गरे । नेपालले पाँचौ ओभरमा दुई कुशललाई गुमायो । ओपनर कुशल भुर्तेललाई पाँचौं ओभरको पहिलो बलमा फाबियन एलनले बोल्ड गरे । उनी एक रनमा पेभेलियन फर्किए । सोही ओभरको पाँचौ बलमा कुशल मल्ललाई चार रनमा रोस्टन चेजबाट क्याच गराए । १३औं ओभरको दोस्रो बलमा सन्दीप जोरालाई हाइडेन वाल्सले केसी कार्टीबाट क्याच गराए । सन्दीपले १९ रन बनाए । १४औं ओभरको तेस्रो बलमा रोहितकुमार पौडेल पेभेलियन फर्किए । ४७ बलमा सात चौका र पाँच छक्काको मद्दतले ८२ रन बनाएका रोहितलाई वाल्सले म्याथ्यु फोर्डबाट क्याच गराए । १७औं ओभरको दोस्रो बलमा फोर्डले दीपेन्द्रसिंह ऐरीलाई १९ रनमा जोनसन चार्ल्सबाट क्याच गराए । सोही ओभरको अन्तिम बलमा फोर्डले गुल्सन झालाई एलिक एथानाजबाट क्याच गराए । गुल्सनले पनि १९ रन बनाए । प्रतिश जिसी १८औं ओभरको दोस्रो बलमा पेभेलियन फर्किए । उनलाई रनको खाता पनि खोल्न नदिइ वाल्सले गुडाकेश मोतीबाट क्याच गराए । २० औं ओभरको अन्तिम बलमा सोमपाल कामी १० रन बनाएर आउट भए । उनलाई गुडाकेश मोतीले जोसुवा बिसोपबाट क्याच गराए । अन्तिम बलमा मोतीले ललितनाराण राजवंशीलाई विकेटकिपर आन्द्रे फ्लेचरबाट स्ट्याम्पिङ गराए । त्यसअघि टस जितेर ब्याटिङ रोजेको वेस्ट इन्डिजले निर्धारित २० ओभरमा तीन विकेट गुमाउँदै २०९ रनको योगफल तयार पार्यो । वेस्ट इन्डिजका लागि आन्द्रे फ्लेचरले ५४ बलमा नौ चौका र चार छक्काको मद्दले अविजित ८४ रन बनाए । यसैगरी जोनसन चार्ल्सले अर्धशतक प्रहार गर्दा फाबियन एलन ३३ रनमा अविजित रहे । फ्लेचरले दोस्रो विकेटका लागि चार्ल्ससँग ९२ र चौथो विकेटका लागि एनलसँग ८३ रनको साझेदारी गरे । नेपालका लागि कुशल भुर्तेलले दुई र प्रतिश जिसीले एक विकेट लिए । प्रतिशले दोस्रो ओभरको पहिलो बलमा एलिक एथानाजलाई सन्दिप जोराबाट क्याच गराए । उनले पाँच रन बनाए । अर्धशतक बनाएका जोनसन चार्ल्सलाई १०औं ओभरको अन्तिम बलमा कुशलले दीपेन्द्रसिंह ऐरीबाट क्याच गराए । चार्ल्सले ३० बलमा ६ छक्का र तीन चौकाको मद्दतले ५८ रन बनाए । १४औं ओभरको दोस्रो बलमा चार रन बनाएर खेलिरहेका केसी कार्टीलाई कुशलले रोहितबाट क्याच गराए । शृंखलाको पाँचौं तथा अन्तिम खेल शनिबार
हुनेछ ।

# अफगानिस्तानलाई विश्व बैंकबाट ८४ मिलियन सहयोग




**एएनआई**
**काबुल ।**
अफगानिस्तानले देशमा चलिरहेको मानवीय सङ्कटको बीचमा विश्व बैंकबाट ८४ मिलियन अमेरिकी डलर सहयोग प्राप्त गरेको टोलो न्यूजले जनाएको छ । उक्त सहयोग आर्थिक सङ्टकसँग जुध्न, जीविकोपार्जन परियोजना प्रदान गर्न, अफगान महिलाहरूलाई सहयोग गर्न, जलवायु परिवर्तनलाई सम्बोधन गर्न तथा आप्रवासीहरूलाई सहयोग गर्न प्रयोग गरिने विश्व बैंकले जनाएको छ । परियोजना सन् २०२२ मा ग्रामीण र सहरी क्षेत्रमा आजीविका सहयोग र सेवाहरू प्रदान गर्न, महिला र सबैभन्दा कमजोरका लागि सामाजिक अनुदानलाई समर्थन गर्न र समावेशी सेवा वितरणका लागि सामुदायिक संस्थाहरूलाई सुदृढ पार्न एआरटीएफबाट २६ करोड ५० लाख डलरको अनुदानका साथ सुरु भएको बैंकको विज्ञप्तिमा उल्लेख छ । अर्थ मन्त्रालयले विश्व बैंकको सहयोगलाई स्वागत गर्दै आर्थिक विस्तार र परियोजना संशोधनहरूलाई सहयोग गर्न सक्ने बताएको छ, जसको परिणामस्वरूप देशको रोजगारी सिर्जनामा योगदान पुग्नेछ । परियोजनाको कार्यान्वयनले रोजगारी सिर्जना गर्न, सहरी र ग्रामीण क्षेत्रमा सेवा वितरणमा सुधार ल्याउन तथा आप्रवासी समस्यालाई सम्बोधन गर्न सक्ने तालिबानी अर्थ मन्त्रालयका प्रवक्ता अब्दुल रहमान हबीबले बताए । यसैबिच, काबुलका नागरिकहरूले हालको परिस्थितिलाई ध्यानमा राख्दै अझ बढी सहयोग आवश्यक रहेको बताउदै यसलाई खुल्लारुपममा दिनुपर्ने माग राखेको टोलो न्यूजले जनाएको छ । अफगानीस्तानमा मानिसहरू गरिब तथा निराश्रित भई महिनामा तीन दिन मात्र काम पाउने अवस्थामा छन् । काबुलका बासिन्दा उमर अलीले आफ्नो घरमा दस जना आश्रित भएको तथा डेढ वर्षदेखि भाडाका लागि ऋणमा डुबेको बताए । तालिबानले अफगानिस्तानमा अधिकार पुनः प्राप्त गरेपछि विश्व बैंकसहित अधिकांश अन्तर्राष्ट्रिय संस्थाहरूले अफगानिस्तानमा काम गर्न छोडेका छन् । यी संस्थाहरूको पुनः सञ्चालनले अफगान अर्थतन्त्रलाई बढावा दिने अनुमान गरिएको छ ।

# अन्तराष्ट्रिय औद्योगिक व्यापार महोत्सव हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल १७ औं अन्तराष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु महोत्सव वैशाख २६ गतेदेखि काठमाडौंमा आयोजना हुने भएको छ । आयोजक नेपाल घरेलु तथा साना उद्योग महासंघले बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै यही बैशाख २६ देखि ३० गते सम्म प्रदर्शनीमार्गस्थित भृकुटीमण्डपमा महोत्सवको आयोजना गरिएको जनाएको हो । ‘खोजौं नेपाली, रोजौं नेपाली’ र ‘नेपाली वस्तुको प्रयोग गरौं, नेपाली भएकोमा गर्व गरौं’ भन्ने मूल नाराका साथ महोत्सवको आयोजना गर्न लागिएको हो । महोत्सवमा नेपालमा सञ्चालित लघु, घरेलु तथा साना उद्योग लगायत सबै खाले उद्योगको उत्पादनलाई समावेश गरी बीटुबी, बीटुसी, बीटुजी जस्ता अन्तरक्रिया, छलफल र खाद्य महोत्सव आदि कार्यक्रम हुने बताइएको छ । भारत, पाकिस्तान, बंगलादेशलगायत सार्क मुलुक तथा टर्कीको सहभागिता रहने महोत्सवमा २ सय ५० वटा स्टलको व्यवस्था गरिएको आयोजकले जनाएको छ । त्यस्तै सात करोड रुपियाँभन्दा बढीको आर्थिक कारोबार हुने प्रक्षेपण गरिएको छ ।



# नेपाल ‘आइटी हव’का रूपमा विकास हुँदैछः सञ्चारमन्त्री



***रासस***
***काठमाडौँ ।***
***‘समृद्ध नेपालको आधार, सूचना प्रविधि र सञ्चार’ नाराका साथ आज देशभर राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस मनाइँदैछ । सरकारले कृषि, पर्यटन, ऊर्जासँगै सूचना प्रविधिलाई पनि आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा लिएको छ । सूचना प्रविधिको विकास र प्रयोगमार्फत मुलुकको रुपान्तरण गर्ने सरकारको योजना छ । सरकारले सूचना प्रविधिलाई उच्च प्राथमिकतामा राखी विभिन्न कार्यक्रम अघि बढाएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा सूचना प्रविधिको विकासबाट नै मुलुकको आर्थिक समृद्धि सम्भव भएको बताउँछिन् । राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस र विश्व प्रेस स्वतन्त्रता दिवसका सन्दर्भमा नेपाल सरकारका प्रवक्तासमेत रहेकी मन्त्री शर्मासँग गरिएको कुराकानीको सम्पादित अंशः***

***सरकारले यसपटक सूचना प्रविधि दिवसलाई निकै महत्वका साथ मनाउँदैछ । सूचना प्रविधि नेपालका लागि कत्तिको महत्त्वपूर्ण क्षेत्र हुनसक्छ ?***
राष्ट्रिय सूचना प्रविधि दिवसलाई परम्परागत ढङ्गले मनाउनेभन्दा पनि यसलाई मुलुकको समृद्धिसँग जोडेर मनाइनुपर्छ भनेर हामीले सोचेका छौँ । ‘समृद्ध नेपालको आधार, सूचना प्रविधि र सञ्चार’ नारा तय गरिएको छ । सूचना प्रविधि पछिल्लो समयमा असाध्यै धेरै महत्त्वपूर्ण क्षेत्रका रूपमा उदाएको छ । सूचना प्रविधिको माध्यमबाट समृद्धिको आधार खोज्न सकिन्छ भन्नेमा सरकार दृढ छ । हामीले यसअघि कृषि, पर्यटन र ऊर्जालाई समृद्धिका आधार भन्थ्यौँ, पछिल्लो समय सूचना प्रविधि पनि थपिएको छ । नेपालले भर्खरै लगानी सम्मेलन सम्पन्न गरेको छ । सम्मेलनमा नेपालको सूचना प्रविधि क्षेत्रमा लगानी गर्न विदेशी लगानीकर्ताको उत्साहजनक ‘स्पिरिट’ देखापरेको छ । मुलुकभित्रका युवामा पनि सूचना प्रविधिका क्षेत्रको विकास गरेर मात्रै अघि बढ्न सकिन्छ भन्ने उत्साह देखा परेको छ । यसलाई राज्यले सहजीकण गर्नुपर्छ भन्ने उद्देश्यका साथ सरकार अघि बढिरहेको छ । त्यसकारण यस वर्षको सूचना प्रविधि दिवसलाई बढी महत्वका साथ हेरिएको छ ।

सूचना प्रविधिका क्षेत्रमा नेपालले विश्वसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । संसारमा पछिल्लो समय सूचना प्रविधिका क्षेत्रमा धेरै परिवर्तन भएका छन् । नेपालले पनि त्यसलाई सँगसँगै पछ्याउन जरुरी छ । नेपाल दुई ठूला देशका बीचमा छौँ । नेपालले सूचना प्रविधिका क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्छौँ भन्ने देखिएको छ । अन्तर्राष्ट्रिय बजारलाई पनि ध्यान दिँदै सूचना प्रविधिलाई विकास गरेर जानुपर्छ । नेपालमा रहेको सूचना प्रविधिका दक्ष जनशक्तिको सदुपयोग गर्दै अघि बढ्नुपर्छ । सूचना प्रविधिका क्षेत्रमा सरकारी, निजी र वैदेशिक लगानी बढाएर व्यापक विकासमा अघि बढ्नुपर्ने आवश्यकता ठानेका छौँ । सरकार सोही ‘स्पिरिट’अनुसार अघि बढेको छ ।

***हालै सम्पन्न तेस्रो लगानी सम्मेलनमा पनि सूचना प्रविधिका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ताको आकर्षण देखियो । यसलाई परिणाममा उतार्न सरकारले कस्तो तयारी गर्दैछ ?***
हामीले मुलुकमा लगानीका उपयुक्त वातावरण बनाउन महत्वपूर्ण कानुनी सुधार गरेका छौँ । लगानी सम्मेलनकै क्रममा सरकारले नौ वटा विभिन्न कानुन अध्यादेशमार्फत संशोधन गरेको छ । निजी र वैदेशिक लगानी आकर्षित होस् भनेर नै कानुन संशोधन गरिएको हो । लगानी सम्मेलनका क्रममा नेपालमा डाटा सेन्टर स्थापना गर्नेसम्बन्धी पहिलो सम्झौता भएको छ । कानुनी अड्चनलाई मिलाएर थप लगानीका लागि प्रोत्साहित गर्छौं ।
नेपाल जलवायुका दृष्टिकोणबाट पनि सूचना प्रविधिका क्षेत्रमा लगानीका उपयुक्त छ । नेपाललाई सूचना प्रविधि (आइसिटी)को हव बनाउन सकिन्छ भन्ने ढङ्गबाट सरकारले सोचिरहेको छ । विश्वभर रहेको सूचना प्रविधिसँग सम्बन्धित उद्योगलाई नेपालमा स्थापनाका लागि आह्वान र प्रोत्साहित गर्ने योजना छ । लगानी सम्मेलनमा नेपालमा आइटी हब बनाउने, इन्क्युवेशन सेन्टर तथा डाटा सेन्टर स्थापनालगायतका सूचना प्रविधिसँग सम्बन्धित उद्योग खोल्ने बारेमा पनि छलफल भएको छ । लगानीकर्ताले चाहेका विषयमा पनि सरकारले उचित ध्यान दिनेछ । यसो गरिरहँदा हामीले देशको आन्तरिक सुरक्षाको पाटोलाई पनि उत्तिकै ध्यान दिएका छौँ । हाम्रो डाटाको सुरक्षा गर्दै सूचना प्रविधिका क्षेत्रमा सरकारी, निजी र वैदेशिक लगानीलाई पनि अभिवृद्धि गरेर जाने सरकारको सोच छ । लगानी सम्मेलनले पनि उत्साहजनक वातावरण सिर्जना गरेको छ । सूचना प्रविधिलाई उच्च प्राथमिकता दिएर सरकार अघि बढिरहेको छ ।

***सूचना प्रविधिको प्रयोगबाट आर्थिक समृद्धि हासिल गर्न सकिन्छ भन्नुभयो । यसका आधारहरू के–के छन् ?***
आर्थिक रूपमा धरासयी बन्दै गइरहेका मुलुकले सूचना प्रविधिका माध्यमबाट आर्थिक उत्थान गरेका प्रशस्त अन्तर्राष्ट्रिय उदाहरण छन् ।
अनौपचारिक अध्यननअनुसार नेपालमै पनि सूचना प्रविधिको निर्यातबाट करिब ७० अर्ब विदेशी मुद्रा आर्जन भएको छ । सूचना प्रविधिका क्षेत्रमा करिब एक लाख युवा संलग्न भएको अनुमान गरिएको छ । जबकी हामीले नेपालमा सबै युवालाई स्वदेशमै बसेर काम गर्न सक्ने ‘आइटी हब’को व्यवस्था गर्न सकेका छैनौँ । सबै युवालाई स्वदेशमै बसरे सूचना प्रविधिको काम गर्न सक्ने वातावरण बनाउन सरकार लागिपरेको छ ।
हरेक वर्ष १० हजार युवा सूचना प्रविधि क्षेत्रमा भित्रिने गरेका छन् । त्यस आधारमा हेर्दा नेपालमा सूचना प्रविधिका क्षेत्रमा काम गर्ने दक्ष जनशक्तिको पनि कमी छैन । कम लागतमा सूचना प्रविधिसम्बन्धी उद्योग फस्टाउने आधार देखिएको छ ।

सूचना प्रविधिसम्बन्धी उद्योग घाटाको उद्योग होइन, यो मुनाफा मै जान्छ । सूचना प्रविधिसम्बन्धी भारतीय बजार हेर्ने हो भने पनि हामीले नेपालबाट धेरै काम गर्न सकिन्छ । छरिएर रहेका सूचना प्रविधि व्यवसायलाई राज्यले एक ठाउँमा ल्याएर उनीहरूलाई प्रोत्साहन गर्नुपर्छ । सूचना प्रविधिसम्बन्धी सेवा निर्यात गर्नका लागि कर नलगाइदिने व्यवस्था गर्न सकिन्छ । यसबाट ठूलो मात्रामा वैदेशिक मुद्रा भित्रन सक्छ । समृद्धिका लागि सूचना प्रविधिको मुख्य आधार भनेको जनशक्ति, नीति योजना र कार्यक्रम नै हुन् । पछिल्लो समय युवाहरू सूचना प्रविधिका क्षेत्रमा उत्साहित भएर लाग्नुभएको छ । यही आधारमा हामीले सूचना प्रविधि समृद्धिको आधार बन्न सक्छ भनेका हौँ ।

***सरकारले सूचना प्रविधिका माध्यमबाट मुलुकको रुपान्तरण गर्ने भनेर ‘डिजिटल नेपाल फ्रेमवर्क’ परियोजना अघि बढाइरहेको छ । उक्त परियोजनाको कार्यान्वयन कसरी भइरहेको छ ?***
डिजिटल नेपाल फ्रेमवर्क परियोजना २०७६ सालदेखि अघि बढेको छ । सो परियोजनामा विश्व बैंकले लगानी गरेको छ ।
मुलुकको रुपान्तरणका लागि यो निकै नै महत्वपूर्ण परियोजना हो । विभिन्न आठ वटा क्षेत्र पहिचान गरेर उक्त परियोजना कार्यान्वयनमा छ । परियोजनाले ८० वटा पहल लिएको छ । पछिल्लो समयमा उक्त परियोजनाअन्तर्गतका केही कार्यक्रमको ‘रिभ्यू’ गरिएको छ । उक्त ‘रिभ्यू’ विश्व बैंकको बोर्डबाट स्वीकृत भएलगत्तै तीव्र गतिमा कार्यान्वयनमा जान्छ । उक्त परियोजनामा वैदेशिक लगानी पनि खोज्दै गइरहेका छौँ भने नेपाल सरकारले सकेको अवस्थामा स्वदेशी लगानीबाट पनि यो कार्यक्रम अघि बढाउनुपर्छ भन्नेमा सरकार स्पष्ट छ ।

यी सबै विषय कार्यान्वयन गर्नका निम्ति एकल संरचना छैन । डिजिटल नेपाल फ्रेमवर्कमा कृषि, पर्यटन, सहरी विकासलगायत आठ क्षेत्र समेटिएका छन् । तर यी कार्यान्वयन गर्ने बेग्लाबेग्लै मन्त्रालय छन् । यसलाई एकद्वारबाट कार्यान्वयन गर्नका निम्ति संरचनागत सुधार आवश्यक छ । संरचनात्मक सुधार गरेर जान सकियो भने उक्त कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सकिन्छ । डिजिटल नेपाल फ्रेमवर्कलाई समीक्षासहित अघि बढाउने प्रक्रियामा छौँ ।

***यहाँ सञ्चार तथा सूचना प्रविधि मन्त्रीका साथै नेपाल सरकारको प्रवक्ताको भूमिकामा पनि हुनुहुन्छ । हामी विश्व प्रेस स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा छौँ । पछिल्ला समय प्रेस स्वतन्त्रतामा चुनौती थपिएको सार्वजनिक टिप्पणी हुन थालेका छन्, यसलाई कसरी लिनुभएको छ ?***
हामीले धेरै लामो सङ्घर्षपछि अभिव्यक्ति स्वतन्त्रता प्राप्त गरेका हौँ । जुनबेला नेपालमा राजनीतिक स्वतन्त्रता थिएन, त्यो बेला हामीसँग अभिव्यक्ति स्वतन्त्रता पनि थिएन । अभिव्यक्ति स्वतन्त्रता थियो भने पनि त्यो नियोजित नै थियो । राजनीतिक परिवर्तन पछाडिको नयाँ संविधानमा हामीले प्रष्टसँग अभिव्यक्ति स्वतन्त्रताको प्रतिबद्धतालाई व्यक्त गरेका छौँ । आजका दिनमा अभिव्यक्ति स्वतन्त्रता सबैभन्दा महत्वपूर्ण मुद्दा हो । सरकारले कानुन निर्माण गर्दा होस् वा कुनै निर्णय गर्दा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई केन्द्रबिन्दुमा राख्ने गरेको छ । कैयन अराजकता हुँदाहुँदै पनि हामी कहाँनेर सचेत छौँ भने अभिव्यक्ति स्वतन्त्रतामाथि कसैले पनि नकारात्मक धारणा बनाउन हुँदैन । वर्तमान सरकार प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति प्रतिबद्ध छ । आजका दिनमा मिडिया साक्षरता अत्यावश्यक बनेको छ । सकारात्मक विषयवस्तुको सम्प्रेषणबाट समाजमा गतिलो प्रभाव पर्ने हुन्छ । यसबारेमा मिडियाले गम्भीर भएर सोच्न आवश्यक भइसकेको छ । सञ्चार माध्यमलाई सकारात्मक दृष्टिकोणका साथ कसरी अगाडि बढाउने भन्ने बारेमा सञ्चार जगतले पनि सोच्नुपर्छ ।

सरकारले आमसञ्चारसम्बन्धी ऐनलाई संसद्मा प्रस्तुत गर्ने तयारी गरिरहेको छ । सरकारले मिडियालाई उद्योगका रूपमा विकास गर्नुपर्छ भन्ने सोच राखेको छ । आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठन गर्ने र सो संस्थाले सञ्चार माध्यमलाई प्रशिक्षित गर्ने अवस्था हुन्छ । अभिव्यक्तिको स्वतन्त्रता हनन् हुन नदिने कुरामा हामी अत्यन्त सचेत छौँ, किनकी यो विषय राजनीतिक स्वतन्त्रतासँग पनि जोडिएको छ । हामी विश्व प्रेस स्वतन्त्रता दिवसको सँघारमा पनि छौँ, म सम्पूर्ण सञ्चार जगत र अभिव्यक्ति स्वतन्त्रताको पक्षधर सबैलाई शुभकामना पनि दिन चाहन्छु । अभिव्यक्ति स्वतन्त्रताप्रति हरदम चनाखो हुन पनि आग्रह गर्न चाहन्छु । सरकार प्रेस तथा अभिव्यक्ति स्वतन्त्राप्रति प्रतिबद्ध छ ।

**यसपटकको विश्व प्रेस स्वतन्त्रता दिवसको नारा वातावरणसँग जोडिएको छ । नेपालको सन्दर्भमा उक्त नारा अझ बढी सान्दर्भिक देखिन्छ । यसलाई कसरी हेर्नुहुन्छ ?**
जलवायु परिवर्तनका कारण भइरहेको वातावरणीय परिवर्तनबाट विश्व गुज्रिरहेको छ । यो विश्वव्यापी चुनौतीको विषय बनेर आएको छ । हामीले विगतमा केकति गल्ती ग¥यौ, यो एउटा पाटो हो तर विश्व समुदायले वातावरणीय सन्तुलनको पक्षलाई ध्यान नदिँदा हामी पनि प्रभावित भएका छौँ । हिमाल पग्लिदै छन् । पृथ्वी तात्दैछ । अहिलेको विश्व प्रेस स्वतन्त्रता दिवसको नाराले वातावरणीय विषयलाई मुख्य मुद्दा बनाएको छ, यो निकै नै सान्दर्भिक छ । मिडियाका माध्यमबाट जनचेतना जगाउन आवश्यक छ । वातावरण जोगाउन के गर्नुहुन्छ, के गर्नु हुँदैन, राज्यका तहमा के कस्ता कानुन निर्माण गर्नुपर्छ, नागरिकले कसरी ध्यान दिनुपर्छ, सचेत नागरिकको कर्तव्य के हो भन्ने बारेमा मिडियाले जनचेतना फैलाउनुपर्छ । जलवायु परितर्वनको प्रभावबाट मानव समुदायले भाग्दै आएको कष्टकर अवस्थाको अन्त्य गर्न वातावरण जोगाउने हाम्रो कर्तव्य नै हो ।
पछिल्लो समय सञ्चार मन्त्रालयले आमसञ्चारसँग सम्बन्धित विभिन्न कानुन निर्माणलाई प्राथमिकता दिएको छ । कानुन निर्माणको प्रक्रिया कहाँ पुगेको छ ?
सूचना प्रविधिको विकाससँगै आमसञ्चार क्षेत्रमा पनि व्यापक फेरबदल आएको छ । फरक विधा अगाडि आएका छन् । यी सबै विषयलाई समेट्न सरकारले नयाँ कानुन तर्जुमा र परिमार्जन गर्न खोज्दैछ । मिडिया काउन्सिल ऐन संसद्मा दर्ता भएको छ । आमसञ्चारसम्बन्धी ऐन अर्थ र कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयमा राय सुझावका लागि पठाइएको छ । पछिल्लो समय ‘न्यू मिडिया’का रूपमा विकास भएको सामाजिक सञ्जाललाई व्यवस्थित बनाउनका लागि कानुन निर्माणको प्रक्रिया अघि बढेको छ । आमसञ्चारसँग सम्बन्धित थुप्रै कानुन निर्माणको प्रक्रियामा छन् । साइबर सुरक्षा ऐन तथा सूचना प्रविधि विधेयकको तयारी गरिरहेका छौँ । नेपालमा पहिलो पटक साइबर सुरक्षा केन्द्र स्थापना भएको छ । सूचना प्रविधिका क्षेत्रमा थुप्रै कामका सुरुआत भएका छन् । नयाँ कानुनहरूको तर्जुमा र विद्यमान कानुनको परिमार्जनबाट आगामी दिनमा आमसञ्चार क्षेत्रले नयाँ गति लिन सक्दछ भन्ने विश्वास लिइएको छ ।

# सूचना प्रविधिको विकासमा क्रियाशील व्यक्ति तथा संस्था पुरस्कृत



**रासस**
**काठमाडौँ ।**
सरकारले सूचना प्रविधि क्षेत्रको विकास र विस्तारमा महत्त्वपूर्ण योगदान दिने संस्था तथा व्यक्तिलाई पुरस्कृत गरेको छ । सातौँ राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसका अवसरमा बिहीबार आयोजित कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सूचना प्रविधिसम्बन्धी विभिन्न विधाका पुरस्कार प्रदान गरे । कार्यक्रममा प्रधानमन्त्री दाहालले ‘राष्ट्रिय सञ्चार तथा सूचना प्रविधि उत्कृष्ट पुरस्कार–२०८०’ डा शैलेन्द्र गिरी (प्यूठान)लाई प्रदान गर्नुभयो । यस्तै महिलातर्फको उत्कृष्ट पुरस्कार लेना केशरी कंशाकार (काठमाडौँ)लाई प्रदान गरियो । यस्तै ‘राष्ट्रिय सञ्चार तथा सूचना प्रविधि आविष्कार पुरस्कार–२०८०’ वानप्वाइन्ट फाइनान्सियल सर्भिसेस र ‘राष्ट्रिय सञ्चार तथा सूचना प्रविधि स्टार्टअप पुरस्कार–२०८०’ मोनालटेक प्रालि (चाबहिल)लाई प्रदान गरियो । दुवै पुरस्कारको राशि जनही एक लाख रुपैयाँ रहेको छ । प्रधानमन्त्री दाहालले सार्वजनिक क्षेत्रतर्फको ‘राष्ट्रिय सञ्चार तथा सूचना प्रविधि पुरस्कार–२०८०’ सामाजिक सुरक्षा कोष (काठमाडौँ), निजी क्षेत्रर्फ डाटाहव प्रालि (थापाथली) र प्रदेशतर्फ डाइनामिक टेक्नोसफ्ट प्रालि (वीरगंज)लाई प्रदान गरे । कार्यक्रममा आर्थिक वर्ष २०७९÷८० मा सूचना प्रविधि क्षेत्रतर्फ सबैभन्दा बढी राजस्व बुझाउने नेपाल दूरसञ्चार कम्पनी र सोही आर्थिक वर्षमा सूचना प्रविधिसम्बन्धी सेवा निर्यात गरेर बढी विदेशी मुद्रा भित्र्याउने स्प्राउट टेक्नोलोजी सर्भिस (ललितपुर)लाई पनि सम्मान गरिएको थियो ।

# ‘सुशासन र समृद्धिको महाअभियानमा सूचना प्रविधि महत्वपूर्ण आधार’

**रासस**
**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सूचना प्रविधिका क्षेत्रमा लगानी वृद्धि र यसको प्रयोगलाई सुरक्षित बनाउन आवश्यक नीति, कानुन र पूर्वाधार विकासका काम भइरहेको बताएकी छन् । सातौँ राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसका अवसरमा बिहीबार यहाँ आयोजित कार्यक्रममा उनले साइबर स्पेसलाई सुरक्षित र व्यवस्थित गर्ने उद्देश्यले पहिलोपटक राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी गरिएको बताइन् । ‘त्यसकै आधारमा राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना भएको छ । सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक तर्जुमाको काम भइरहेको छ’, मन्त्री शर्माले भनिन्’, डिजिटल पूर्वाधारको महत्वपूर्ण आधार दूरसञ्चार क्षेत्रलाई समयानुकूल व्यवस्थित गर्न दूरसञ्चार ऐनको पुनरावलोकन गर्ने काम भइरहेको छ ।’ उनले सुशासन र सामाजिक न्यायसहितको समृद्ध नेपाल निर्माणको महाअभियानमा सूचना प्रविधि महत्वपूर्ण आधार बनेको बताइन् । मन्त्री शर्माले सरकारसँग हातेमालो गर्दै सूचना प्रविधिको विकास र प्रयोगमार्फत समृद्धिको यात्रामा अगाडि बढ्ने अभियानमा साथ सहयोगका लागि आह्वानसमेत गरिन् । सूचना प्रविधि क्षेत्रमा भएको विकास र विस्तारसँगै नेपालमा पनि यसको प्रयोगमा उल्लेख्य रुपमा बढोत्तरी आएको उल्लेख गर्दै उजले विभिन्न सार्वजनिक सेवामा विद्युतीय प्रणालीको उपयोग बढेको जानकारी दिइन् । उनले डिजिटल भुक्तानी प्रणालीको विकास र उपयोगलाई अझै तीब्र र प्रभावकारी बनाउन आधारभूत डिजिटल पूर्वाधारको रुपमा देशभर दूरसञ्चार सेवाको पहुँच विस्तारलाई जोड दिइएको छ । सूचना प्रविधिको प्रयोगका कारण नागरिकले घरैमा बसेर राज्यले प्रदान गरेका सेवाहरु लिन सक्ने अवस्थाको सुरुवात भइसकेको जनाउँदै मन्त्री शर्माले देशका अधिकांश भू–भागमा दूरसञ्चार र अधिकांश वडा केन्द्रमा ब्रोडव्याण्ड इन्टरनेटको पहुँच पुगेको जानकारी दिइन् ।

# पोखरी खन्ने क्रममा मूर्ति फेला



**मधेशदृष्टि**
**बारा ।**
बाराको सिम्रौनगढमा पोखरी खन्ने क्रममा भगवान सूर्यको मूर्ति फेला परेको छ । सिम्रौनगढ नगरपालिका वडा नम्बर ६ स्थित सानो इटवालमा मणि महतो नुनियाको निजी पोखरी खन्ने क्रममा बुधबार सूर्य भगवानको मूर्ति फेला परेको स्थानीय सुरेश महतो नुनियाले बताए । उनका अनुसार, बुधबार डोजर लगाएर पोखरी खन्ने क्रममा सूर्यको मूर्ति फेला परेको हो । मूर्तिको तल सातवटा घोडाका आकृति छन्, जसले यो सूर्य भगवानको मूर्ति हो भन्ने प्रष्ट भएको नुनियाले बताए । फेला परेको मूर्तिको लम्बाई ३६ इन्च र चौडाई १० इन्च रहेको उनले बताए ।

फेला परेको मूर्तिलाई इटवाल नजिक बन्दै गरेको हनुमान मन्दिरमा लगेर राखिएको स्थानीय सञ्चारकर्मी रामेश्वर मेहताले जानकारी दिए । मेहताका अनुसार प्राचीन र ऐतिहासिक स्थल सिम्रौनगढमा बेला बेलामा पुरातात्विक सामग्रीहरु फेला पर्दै आएका छन् । त्यही भएकाले त्यहाँ तीन फिट भन्दामुनि खन्न नपाइने नियम छ । उक्त नियमको कार्यान्वयन भने भएको छैन । गत वर्षको असारमा मात्रै सिम्रौनगढ नगरपालिकाको वडा नम्बर १ मा पर्ने नसागराढाटमापनि ब्रह्मा भगवानको मूर्ति फेला परेको थियो ।

सिम्रौनगढ क्षेत्रमा गत ७ वर्ष यता १४ वटा मूर्ति फेला परिसकेको छ । बेला बेलामा पुरातात्विक महत्वका मूर्ति लगायतका सामग्रीहरु फेला पर्दै आएको भएपनि त्यसको संरक्षणका लागि राज्यको कुनै पनि निकायबाट पहल नभएको स्थानीयको गुनासो छ ।

# नबिलको पैसा भेटियो मोतीहारीमा




**सञ्जय मिश्रा**
**रौतहट ।**
वीरगंज ब्रह्मचोकस्थित नबिल बैंकको बाइपास शाखामा भएको चोरीमा संलग्न तीन जना रकम सहित भारतबीहार मोतीहारी जिल्लामा पक्राउ परेका छन् । भारतीय प्रहरीले विशेष सूचनाको आधारमा मोतीहारी जिल्लाको दरपा थाना क्षेत्र अन्तर्गत तिनकोनी गाउँबाट १८ लाख रुपैयाँ भन्दा बढी नेपाली रुपैयाँ तथा चोरीमा प्रयोग गरिने विभिन्न उपकरणसहित एक महिला र दुई पुरुषलाई पक्राउ गरेको हो ।

आइतबार राति नबिल बैंकको बाइपास शाखाबाट चोरहरुको समूहले १ करोड ३४ लाख ६५ हजार रुपैयाँ चोरेर लागेका थिए । पक्राउ पर्नेमा झरोखर थाना क्षेत्रका मन्टु कुमार, अर्जुन कुमार र दरपा थाना क्षेत्रकी सबिता देवी रहेको मोतीहारीका एसपी कान्तेश मिश्रले बताए । उनीहरूको साथबाट १८ लाख २३ हजार २ सय नेपाली रुपैयाँ, एकथान घरेलु हतियार नलकटुवा, दुईथान गोली, लुटपाटको रकमबाट खरिद गरिएको एउटा सुनको औंठी, मोटरसाइकल र दुईथान थान मोबाइल, ड्रिल मेसिन, सिसिटिभी क्यामेरा १ थान, सोल्डिङ मेसिन १ थान बरामद गरेको मिश्रले जानकारी दिए । केही दिनअघि भारतीय बजार ढाकामा दुईवटा पसलमा लुटेको सामान मध्येको सिसिटिभी क्यामेरा रहेको प्रहरीले जनाएको छ । साथै पक्राउ परेकाहरूले नबिल बैंक वीरगंज शाखाको लुटमा संलग्न रहेको र केही दिनअघि एकजना हुन्डी कारोबारीको ४० लाख रुपैयाँ लुटेको समेत स्वीकार गरेको एसपी मिश्रले मधेशदृष्टिसँग भएको कुराकानीमा बताए । पक्राउ परेका तीनैजना जिल्ला अदालत मोतीहारीको आदेशमा मोतीहारी कारागारमा छन् भने बरामद रकम जिल्ला प्रहरी कार्यालय मोतीहारीको नियन्त्रणमा छ ।

आरोपीहरु पक्राउ परेपछि एकजना वीरगंजका नेपाली सुरक्षा अधिकारीलाई बोलाएर पहिचान गराउनुका साथै बैंकको सिसिटिभी फुटेजबाट समेत पुष्टि गरिएको एसपी मिश्रले जानकारी दिएका छन् । नबिल बैंक वीरगंजमा चोरीको घटनापछि अपराधी भारतीय क्षेत्रमा आउनसक्ने अनुमानको आधारमा एसपी मिश्रले तीनजना डिएस्पीको कमाण्डमा छुट्टाछुट्टै तीनवटा टोली परिचालन गरेको मोतीहारी क्राइम ब्रान्चका सई मनिष कुमारले बताए । टोलीले विशेष सूचनाका आधारमा दरपा थानाक्षेत्र तिनकोनी गाउँको एक घरमा छापा मारी गरेर मन्टु र अर्जुन पक्राउ गरी उनीहरूको साथबाट १७ लाख ८२ हजार २ सय रुपैयाँ बरामद गरेको थियो । उनीहरूकै बयानका आधारमा भारतीय प्रहरीले ९५ हजार रुपैयाँ र हतियारसहित सवितालाई नियन्त्रणमा लिन सफल भएको सई मनिष कुमारले बताए ।

बैंकको चोरीमा संलग्न रहेको आरोपमा पर्सा प्रहरीले रौतहटको साविक पथरा बुधराम हाल मौलापुर नगरपालिका–८ का सञ्जय जयसवाल, छोटेलाल जयसवाललाई पक्राउ गरी कारबाही प्रक्रिया अगाडि बढाएको छ । पर्सा प्रहरीका प्रवक्ता डिएसपी कुमार विक्रम थापाले घटनाको थप अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।

## म्याजिकमा ६ बोरा पैसा !

नबिल बैंकको बाइपास शाखाबाट चोरी भएको पैसा ६ वटा बोरामा हालेर म्याजिक गाडीमै भारत, घोडासहन पु¥याइएको पुष्टि भएको छ । बैंक लुटिएको भोलिपल्टै रौतहट, मौलापुरबाट २ जना पक्राउ परेका थिए । संयुक्तरुपमा भारत र नेपाल प्रहरी मिलेर भारतको घाडासहनमा छापा मारेर भारतीयसहित नोट फेला परेको हो । एक सय रुपैयाँका एक करोड ३२ लाख, ५० का एकसय थान नोट र बाँकी २० रुपैयाँको नोटको गड्डी फेला परेको हो ।

पर्सामा होटल बुक गरेर बैंक लुटपछि ६ वटा बोरामा नोट राखेर म्याजिक गाडीमा पर्सा, बारा, रौतहट ३ जिल्ला कटाउँदा पनि प्रहरी प्रशासनले थाहा नपाउने सुरक्षा संयन्त्र चोर र लुटेराहरुका लागि फलिफाप देखिएको छ । भारतीय प्रहरीसँग ३६ लाख रुपैयाँ रहेको बताइएको छ । बैंकको चोरी भइरहेको अरु १८ लाख रुपैयाँ हराइरहेको छ । नेपाल र भारतका ठूला शरमा हुने कैयौँ लुटपाट र चोरीमा घोडासहनका व्यक्ति संलग्न भएका अपराध अनगिन्ती छन् ।

# एक लाख बढी मूल्यका कुखुरा नष्ट



**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहट स्थित प्रहरी गस्ती टोलीले एक लाख मूल्य भन्दा बढीको अबैध भारतीय कुखुरा बरामद गरी नष्ट गरेको छ । प्रहरी चौकी बंकुलबाट खटिएको प्रहरी गस्ती टोलीले बौधिमाई नगरपालिका ७ स्थित भारतबाट अबैध रुपमा भन्सार छली ल्याएको बोईलर कुखुरा बरामद गरेको जिल्ला प्रहरी कार्यालय रौतहटकी प्रवक्ता डिएस्पी एलिजा गिरीले बताइन् । प्रहरी टोली लाई हेरेर लोड रहेको र कुखुरा फाली साईकल लिई मानिस भागि फरार भएकोले सो स्थानमा प्रहरी टोली गई वेवारिसे अवस्थामा रहेको १०६ वटा बोईलर कुखुरा बरामद गरी आवश्यक कारवाहीको जिल्ला प्रहरी कार्यालयमा पठाएको थियो । जिल्ला प्रहरी कार्यालय रौतहटको प्राङगणमा स्थानिय भद्र–भलादमी, जनप्रतिनिधी, संचारकर्मीहरु तथा प्रहरी समेतको रोहबरमा अन्दाजि १ लाख २७ हजार दुई सय रुपैयाँ बराबरको १०६ वटा बोईलर कुखुरा नष्ट गरीएको प्रहरीले जनाएको छ ।

# जनमतद्वारा गृहमन्त्रीको ध्यानाकर्षण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीले सप्तरीको कञ्चनरुप नगरपालिका वडा नम्बर ५ परेमारामा वैशाख ९ गते आइतबार दिउँसो भएको आगजनीमा ३० घरधुरीको घर र सरसामान जलेर नष्टलगायतका मधेशका आगजनीबारे गृहमन्त्री रवि लामिछानेको ध्यानाकर्षण गरेको छ ।

जनमतका अध्यष सिके राउतले बिहीबार गृहमन्त्री लामिछानेलाई ज्ञापन पत्र बुझाउँदै वैशाख १२ गते महोत्तरीको मटिहानी नगरपालिका वडा नम्बर ६ जरलहवा टोलमा आगलागी हुँदा १ सय २० परिवारको घर जलेर खरानी भएको उल्लेख गरेको छ । पीडितहरू अधिकांश दलित तथा विपन्न वर्गको भएकाले र उनीहरूसँग बाँकी साधनस्रोत नभएकाले ससाना बच्चा, प्रसूति महिला, बिरामी तथा वृद्धसहित उनीहरू घरबिना कष्टकर जीवन बिताउन बाध्य भएको भन्दै जनमतले उनीहरूका लागि त्रिपाल र खानेकुरा सहित राहत सामग्री अविलम्ब व्यवस्था गर्न माग गरेकोक छ । जनमतले सरकारले भूकम्प पीडितका लागि आवास निर्माण गरेजस्तै विपन्न पीडितहरूको आवास निर्माणका माग गरेको छ । यस्तै, सुक्खा मौसममा यत्रतत्र आगजनी हुन सक्ने सम्भावना रहेकाले जिल्लाका विपद् व्यवस्थापन समितिलाई तयारी अवस्थामा रहन निर्देश दिन माग गर्नुका साथै तराई–मधेशका विभिन्न ठाउँमा खानेपानीको हाहाकार देखिएको र प्रचण्ड गर्मीसँगै पानी अभाव भएकाले प्रभावित क्षेत्रमा ध्यान दिन आग्रह गरेको छ ।

## आगलागीबाट चार घर जलेर नष्ट

**मधेशदृष्टि**
**बारा ।**
बाराको फेटा गाउँपालिकाको चिलझपटीमा बिहीबार विहान लागेको आगलागीबाट ४ वटा घर जलेर नष्ट भएको छ । फेटा गाउँपालिकाका मेवालाल ठाकुर, सुदर्शन ठाकुर र श्री पटेलको घरमा पूर्ण रुपमा जलेर नष्ट भएको हो । तीव्र गतिमा हावा चलेका बेला भएको आगलागीले फुसको छानो भएका घर जलेको स्थानीयले बताएका छन् । आगलागीका कारण घरमा रहेको लत्ताकपडा, नगद रुपैयाँ लगायत खाद्यान्न नष्ट भएको बारा प्रहरीले जनाएको छ । आगलागी वीरगंजबाट गएको दुई वटा दमकल र स्थानीयको सहयोगमा नियन्त्रणमा लिएको हो ।

# मुक्त कमैया समाजको राष्ट्रिय सम्मेलन कैलालीमा हुँदै

**रासस**
**कैलाली ।**
पश्चिम नेपालका मुक्त कमैयाहरूको संस्था मुक्त कमैया समाज नेपालको तेस्रो राष्ट्रिय सम्मेलन कैलालीको लम्कीमा हुनेभएको छ । लम्की चुहा नगरपालिका–१ स्थित मुक्त कमैया एकता शिविरमा आयोजना हुने सम्मेलनको तयारी पूरा भएको र शनिबार सम्मलेन शुभारम्भ हुने अध्यक्ष पशुपति चौधरीले जानकारी दिए । दुई दिनसम्म सञ्चालन हुने सम्मेलनको पहिलो शनिबार उद्घाटन हुने र दोस्रो दिनको बन्दशत्रबाट नयाँ नेतृत्व चयन गर्ने कार्यक्रम रहेको उनले बताए । सम्मेलनमा लुम्बिनी प्रदेशका बाँके, बर्दिया र दाङ तथा सुदूरपश्चिम प्रदेशका कैलाली, कञ्चनपुर गरी पाँच जिल्लाका पाँच हजार प्रतिनिधि सहभागी हुनेछन् ।

मुक्तकमैया, कम्लरी र हलियाको पुनर्स्थापनाका लागि सुदूरपश्चिम सरकारले केही सयमअघि कार्यविधि पास गरेकाले यो पटक उत्साहको सम्मेलन हुने र सम्मेलनमार्फत प्रदेश सरकारलाई धन्यवाद दिनुका साथै कार्यविधि कार्यान्वयनका काम तत्काल अगाडि बढाउन अपिल गर्ने योजना रहेको चौधरीको भनाइ छ । 'मुक्त कमैया समाजले कमैयाको जीविकोपार्जन, आयआर्जन, रोजगारीका साथै सुरक्षा र अधिकारको सवालमा तीनै वटै तहका सरकारसँग पैरवी गर्ने, समन्वय गर्ने काम गरी रहेको छ,' अध्यक्ष चौधरीले भने, 'प्रदेश सरकारको निर्णयबाट हाम्रो मिहेनत र पहलकदमीले सार्थकता पाएको अनुभूति भएको छ । सम्मेलनले पुनर्स्थापनाका बाँकी काम टुङ्ग्याउने 'म्याण्डेट' सहित नयाँ नेतृत्व चयन गर्नेछ । जसबाट हाम्रो आन्दोलनले नयाँ उचाई दिने अपेक्षा छ ।'

पुस्तौँदेखि बँधुवा मजदुरसरह जीवन बिताउँदै आएका कमैयालाई तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले २०५७ साल साउन २ गते मुक्त घोषणा गरेको थियो । मुक्त घोषणा गरेको २३ वर्ष पुग्दासमेत पूर्णरुपमा पुनर्स्थापनाका काम नभएका र सम्मेलनले ति कार्यभार पूरा गर्न दबाब सिर्जनाका लागि महत्वपूर्ण सन्देश प्रवाह हुने अधिकारकर्मी अधिवक्ता बालकृष्ण भट्टराईले बताए । 'पहिलो उपलब्धि मुक्त कमैयाको लागि स्वतन्त्र हुनु नै हो । साहु महाजनको ऋण मिनाह्रा हुनु, जमिनको स्वामित्व पाउनु, राज्यका निकायसँग पहुच पुग्नु कमैया मुक्तिपछिका उपलब्धि हुन्,' अधिवक्ता भट्टराईले भने, 'करिब ९० प्रतिशत कमैयाको व्यवस्थापन र पुनर्स्थापनाका काम सम्पन्न भइसकेका छन् अब बाँकी रहेका १० प्रतिशत मुक्त कमैयाको व्यवस्थापन जरूरी छ । सम्मेलनले त्यसमा नयाँ रणनीतिसहित सहकार्यको स्थिति बनाउनेमा हामी आशावादी छौँ ।'

अधिकांश मुक्त कमैयाको नाममा जग्गा नापी भएको तर लालपुर्जाको मालपोतमा अभिलेख नभएको, केहीको तथ्याङ्क सङ्कलनको क्रममा नाम छुटेकाले उनीहरुलाई परिचयपत्र उपलब्ध गराउनुपर्ने, मुक्त कमैया र कम्लहरीको रोजगारीको व्यवस्था गर्नुपर्ने उनीहरुको माग छ । मुक्त कमैया समाजका अध्यक्ष चौधरीका अनुसार कैलालीमा अझै एक हजार पाँच सय र कञ्चनपुरमा सात सय छुट मुक्त कमैया रहेका छन् । लुम्बिनी र सुदूरपश्चिमका पाँच जिल्लामा ३२ हजार पाँच सय नौ घरपरिवार मुक्त कमैया रहेका छन् । तिमध्ये २५ हजार एक सय ९५ घर परिवारले पाँच धुरदेखि १० कठ्ठासम्म जग्गाको लालपूर्जा पाएका छन् भने छ सय ६१ घरपरिवारको हातमा जग्गा पूर्जा भए पनि जग्गा छैन । एक सय ७३ घरपरिवारलाई लगतबाट नाम हटाएको र दुई हजार तीन सय ७५ घरपरिवारलाई पुनर्स्थापना गर्न बाँकी रहेका मुक्त कमैया समाजले जनाएको छ ।

# ग्यास उद्योगद्वारा शिक्षिकालाई एक वर्षको पारिश्रमिक

**मधेशदृष्टि**
**वीरगंज ।**
मनोज ग्यास उद्योगले वीरगंज महानगरपालिका वडा नम्बर २१ सुखचैना स्थित नेपाल गीता गजेन्द्रराज जोशी माविमा कार्यरत निजी श्रोतको एक शिक्षिकालाई एक बर्ष बराबरको पारिश्रमिक उपलब्ध गराएको छ । निजी श्रोतमा कार्यरत शिक्षिका उमावती देवीलाई विद्यालयले दिनु पर्ने एक बर्षको पारिश्रमिक वापत एक लाख ४४ हजार रुपैयाँ उपलब्ध गराएको हो ।

उक्त रकम बराबरको चेक बिहीबार एक कार्यक्रमका बीच मनोज ग्याँस उद्योग प्रालीका प्रबन्ध निर्देशक मनोज दासले विद्यालयलाई हस्तान्तरण गरेका हुन् ।

वीरगंज महानगरपालिका वडा नम्बर २१ का वडा अध्यक्ष राधाकृष्ण रौनियार र मनोज ग्यासका प्रबन्ध निर्देशक दासले संयुक्त रुपमा विद्यालयका प्रधानाध्यापक अरविन्दकुमार लाललाई चेक हस्तान्तरण गरेका थिए । सामाजिक उत्तरदायित्व निर्वाह गर्दै विद्यालयलाई मनोज ग्याँसले सहयोग गरेको प्रबन्ध निर्देशक दासले बताए ।

वडाध्यक्ष राधाकृष्ण रौनियारले सामाजिक कार्यमा मनोज ग्याँसले झै अन्य उद्योग कलकारखानाले पनि शिक्षा स्वास्थ्य लगायतका क्षेत्रमा सहयोग गर्नु पर्ने कुरामा जोड दिए । विद्यालयमा शैक्षिक जनशक्ति अभाव हुने र पठनपाठनका लागि निजी श्रोतबाट जनशक्तिको व्यवस्थापन गर्नुपर्ने भएकाले सहयोगको खाँचो रहेको वडाध्यक्ष रौनियारले बताए ।




हार्दिक बधाई

पर्सा कम्युनिष्ट आन्दोलनका एक अगुवा, अभिभावक, धरोहर, भोजपुरी साहित्य जगतका एक सशक्त हस्ताक्षर डा. विश्वम्भर शर्मा नेकपा एमाले, पर्साको अधिवेशनबाट पुनः अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनु भएकामा सफल कार्यकालको सफलताको कामनासहित हार्दिक बधाई ज्ञापन गर्दछौँ ।

ध्रुव साह
कार्यकारी अध्यक्ष

Tv BIRGUNJ | RADIO | मधेशदृष्टि राष्ट्रिय दैनिक


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन